# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २६१ | काठमाडौं | मंगलबार, ०६ माघ २०८२ | Prabhab National Daily | Tuesday, 20 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**स्तन क्यान्सरका लक्षण**

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरुन्तै परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


कांग्रेस विवादको परिणाम

## चुनावी मैदान छाड्दै नेता, उम्मेदवार छान्न सकस

- नेताहरु दीपक खड्का, मीन विश्वकर्मा, हृदयराम थानी, डा. नारायण खड्का, बलबहादुर केसी, दिलेन्द्र बडूले यसपटक निर्वाचन नलड्ने
- कांग्रेस विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापाको कार्यसमितिलाई निर्वाचन आयोगले मान्यता दिएपछि यसकोविरूद्ध देउवालगायतले हालेको रिट आजको पेशीमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** पार्टी चरम विवादमा फसेसँगै नेपाली कांग्रेसका शेरबहादुर देउवापक्षका नेताहरूले निर्वाचन नलड्ने घोषणा गर्न थालेका छन् । सोमबारमात्र देउवापक्षका नेता दीपक खड्काले आफू निर्वाचनमा उम्मेदवार नबन्ने घोषणा गरे ।

यसअघि संखुवासभाबाट उम्मेदवारी दिँदै आएका खड्काले सामाजिक सञ्जालमार्फत यसपटक दाबी नरहने बताएका हुन् । 'यसपटकको निर्वाचनमा मेरो तर्फबाट उम्मेदवारीको कुनै दाबी रहने छैन, अर्थात् म उम्मेदवारको रूपमा निर्वाचनमा सहभागी नहुने निर्णय गरेको छु,' उनले भनेका छन् ।

विशेष महाधिवेशनबाट सभापतिमा गगन थापा चुनिएसँगै रुष्ट बनेका खड्का डा. शशांक कोइरालानिकट नेता हुन् । खड्का उम्मेदवार नबन्ने भएसँगै उनको ठाउँमा सभापति थापाले दिपनकुमार श्रेष्ठलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

यसैगरी देउवापक्षका नेता बलबहादुर केसीले पनि सोलुखुम्बुबाट निर्वाचन नलड्ने घोषणा गरेका छन् । देउवासँग लामो समयसँगै रहेका नेता केसी अघिल्लोपटक गठबन्धनबाट उम्मेदवार बन्दासमेत यो सोलुखुम्बुमा पराजित बनेका थिए । सोलुखुम्बुमा कांग्रेसले प्रकाशसिंह कार्कीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

यसैगरी देउवाले कार्यवाहक सभापतिको जिम्मेवारी दिएका पूर्णबहादुर खड्काले पनि यसपटक उम्मेदवारी नदिने भएका छन् । सुर्खेत २ बाट निर्वाचन लड्दै आएका खड्का देउवा पक्षबाट कांग्रेस सभापतिका आकंक्षी थिए । यद्यपि पुस मसान्तमा भएको विशेष महाधिवेशनबाट गगन सभापतिमा चुनिएसँगै देउवा पक्षको वकालत गर्दै सर्वोच्च अदालत पुगेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

### सर्वोच्चमा आज पेशी

कांग्रेस विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापाको कार्यसमितिलाई निर्वाचन आयोगले मान्यता दिएपछि यसको विरुद्ध देउवालगायतले हालेको रिटमा सर्वोच्चले आजलाई पेशी तोकेको छ । गगनपक्षले यो रिट लिन देउवापक्ष सहमत भइकसेको दाबी गर्दै आएको छ । यसो भएमा रिट फिर्ता हुने सम्भावना बढ्ने बताइन्छ । तर देउवापक्षका नेताहरूले यो दाबी सत्य नरहेको बताएका छन् ।

वरिष्ठअधिवक्तासमेतरहेका पूर्वन्यायाधिवक्ता खम्मबहादुर खातीले रिट फिर्ता नहुने बताएका छन् । 'सर्वोच्चको रिट फिर्ता गर्ने भन्ने कुनै सहमति भएको छैन । मंगलबार बहस हुन्छ,' खातीले भने । यो निवेदन कुनै पनि हालतमा फिर्ता नहुने देउवाको सचिवालयले समेत प्रस्ट पारेको छ ।

'नेपाली कांग्रेसले सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदन फिर्ता नहुने र अदालतबाट निस्पक्ष न्याय सम्पादन हुनेमा नेपाली कांग्रेस अपेक्षित छ,' देउवाका स्वकीय सचिव भानु देउवाले भने ।

प्रतिनिधिसभा निर्वाचन

## उम्मेदवारी दर्ता आज

- उम्मेदवारी दर्ता समय बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म
- दलीय र स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गर्न पाउने
- तडकभडकविना सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय पुगेर उम्मेदवारी दर्ता गर्नुपर्ने
- उम्मेदवारी दर्ता गर्न उम्मेदवारहरु निर्वाचन क्षेत्रमा




■ जेबी योञ्जन

**काठमाडौं–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि आज उम्मेदवारी दर्ता हुँदै छ । १६५ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा राजनीतिक दलहरूले टुंगो लगाएका उम्मेदवारहरू र स्वतन्त्र उम्मेदवार हरूले उम्मेदवारी दर्ता गराउँदै छन् ।

निर्वाचन आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले दिएको जानकारीअनुसार बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म उम्मेदवारी दर्ताको समय छ । उम्मेदवारी दर्ता गर्न उम्मेदवार निर्वाचन अधिकृतको कार्यालय पुगेनन् भने वारेसमार्फत पनि उम्मेदवारी दर्ता गराउन सकिने उनले बताइन् ।

'मनोनयन दर्ताको समय बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म तोकिएको छ,' उनले प्रभावसँग भनिन्, 'यदि, निर्धारित समयमा कुनै उम्मेदवार पुग्न सक्ने स्थिति नभए वारेसमार्फत पनि उम्मेदवारी दर्ताको कानुनी व्यवस्था छ, सो अनुसार उम्मेदवारहरूले गर्न सक्नुहुन्छ ।'

आयोगले निर्वाचनमा उम्मेदवारी दर्ताका लागि सबै तयारी पूरा गरिसकेको जनाएको छ । सम्बन्धित प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा स्थापित निर्वाचन अधिकृत कार्यालयमा पुगेर उम्मेदवारी दर्ता गर्ने व्यवस्था आयोगले मिलाएको छ । आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद



> मनोनयन दर्ता गर्न जाँदा कसैले पनि बाजागाजालगायत बजाउँदै तडकभडक नगर्नुहोला ।
>
> ■ **रामप्रसाद भण्डारी**
> कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

भण्डारीले उम्मेदवारी दर्तामा जाँदा तडकभडक नगर्न दलहरूलाई निर्देशन दिएका छन् । आयोग कार्यालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'मनोनयन दर्ता गर्न जाँदा कसैले पनि बाजागाजालगायत बजाउँदै तडकभडक नगर्नुहोला ।'

निर्वाचन आयोगका अनुसार तडकभडक गर्नु निर्वाचन कानुनतः पूर्णरूपमा निषेध छ । आचारसंहिताअनुसार पनि पूर्ण निषेध हो । जेन-जी विद्रोहपछि सुशीला कार्की सरकारले अवधि छँदै प्रतिनिधिसभा विघटन गरेसँगै दोस्रो मध्यावधि निर्वाचन हुन लागेको हो । पहिलोपटक २०५१ सालमा मध्यावधि निर्वाचन भएको थियो । यसपटकको निर्वाचनमा सयभन्दा बढी राजनीतिक दल सहभागी हुने भएका छन् ।

धेरै राजनीतिक दलले उम्मेदवार टुंगो लगाइसकेका छन् । कांग्रेससहितका केही दलले सबै निर्वाचन क्षेत्रका उम्मेदवारहरू टुंगो लगाइसकेका छैनन् । बेलुकी ५:०० बजेसम्ममात्रै उम्मेदवारी दर्ताको समय हुनाले त्यसअघि नै उम्मेदवार टुंगो लगाएर मनोनयन दर्ता गराउनुपर्ने बाध्यतामा दलहरू छन् ।

उम्मेदवारी दर्ताका लागि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली झापा पुगेका छन् । उनले आज झापा-५ मा उम्मेदवारी दिँदै छन् । उनले आठौंपटक उम्मेदवारी दिन लागेका हुन् । २०४८ यता लगातार उनी निर्वाचन लड्दै आएका छन् । उनीसँग निर्वाचनमा प्रतिस्पर्धा गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र साह (बालेन) जनकपुरबाट झापा पुगेका छन् । बालेन काठमाडौं महानगरपालिकाको प्रमुखबाट राजीनामा दिएर पहिलोपटक संसदीय निर्वाचनमा होमिएका हुन् । ओली र बालेन दुवै भावी प्रधानमन्त्रीका घोषित उम्मेदवार हुन् ।

नेपाली कांग्रेसका सभापति गगन थापाको निर्वाचन क्षेत्र काठमाडौं- ४ हो । यसपटक उनी सोही क्षेत्रबाट उठ्छन कि परिवर्तन गर्छन् ? निश्चित भइसकेको छैन । तर, जहाँबाट उम्मेदवारी दिए पनि आफैं उपस्थित भएर उम्मेदवारी दर्ता गर्ने थापाको तयारी छ । उनी पनि भावी प्रधानमन्त्रीका घोषित उम्मेदवार नै हुन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल पनि निर्वाचन क्षेत्रतिर लागेका छन् । सोमबार दिउँसो उनी हवाईमार्गबाट रुकुम पश्चिम पुगेका हुन् । त्यहाँबाट रुकुम पूर्व जाने छन् । यसपटक दाहालले रुकुम पूर्वबाट उम्मेदवारी दिँदै छन् । यो माओवादीको राम्रो जनमत भएको जिल्ला हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने चितवन-२ मा उम्मेदवारी दिन जनकपुरबाट फर्किएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन पनि उम्मेदवारी दर्ताका लागि गृहजिल्ला झापा जाँदै छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

### निर्वाचन आचारसंहिता लागू

प्रतिनिधिसभा निर्वाचनका लागि आचारसंहिता लागू भएको छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न आचारसंहिता, २०८२ स्वीकृत गरी कार्यान्वयमा ल्याइएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका अनुसार नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र सो निकायका पदाधिकारी र नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारीलाई आचारसंहिता लाग्ने छ ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## वैदेशिक रोजगारीमा सबैभन्दा बढी कोशी र मधेस प्रदेशका नागरिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकबाट वैदेशिक रोजगारीमा जाने सबैभन्दा धेरै कोशी र मधेस प्रदेशका नागरिक रहेका पाइएको छ । हालसालै सार्वजनिक भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको तथ्यांकमा यस्तो देखिएको हो । सबैभन्दा कम भने कर्णाली प्रदेशबाट रहेका छन् ।

सन् २०२२/२३ मा सात लाख ७१ हजार ३१९ जना विदेसिएकामा कोशी प्रदेशबाट एक लाख छ हजार ९४ जना थिए । सबैभन्दा कम रहेको कर्णाली प्रदेशबाट २४ हजार ९७० जनामात्र गएको तथ्यांक छ । त्यस्तै २०२३/२४ मा सात लाख ४१ हजार २९७ जना विदेसिएकामा सबैभन्दा बढी एक लाख १४३ जना मधेसबाट र सबैभन्दा कम १५ हजार ६६२ जना कर्णाली प्रदेशबाट थिए । यो संख्या व्यक्तिगत, संस्थागत र पुनः श्रम स्वीकृति लिएर जानेहरूको हो ।




लैंगिकरूपमा हेर्दा पुरुषतर्फ सबैभन्दा बढी मधेस र सबैभन्दा कम कर्णालीबाट वैदेशिक रोजगारीमा गएका छन् । सन् २०२२/२३ मा मधेसबाट एक लाख एक हजार २४५ जना र कर्णालीबाट २३ हजार ६०३ जना विदेसिएका थिए । त्यस्तै, २०२३/२४ मा मधेसबाट ९७ हजार १९६ जना र कर्णालीबाट १७ हजार ८७ जना पुरुष रोजगारीका लागि विदेसिएको तथ्यांक छ ।

महिलातर्फ सबैभन्दा बढी बागमती प्रदेशबाट रोजगारीमा गएका छन् । सन् २०२२/२३ मा १९ हजार ३४ जना र २०२३/२४ मा २१ हजार १४३ जना बागमती प्रदेशबाट महिला कामदर विदेसिएका तथ्यांकमा देखिन्छ । वैदेशिक रोजगारीमा जाने महिला सबैभन्दा कम कर्णाली प्रदेशबाट रहेका छन् । सन् २०२२/२३ मा एक हजार ३६७ र २०२३/२४ मा एक हजार ५७५ जना महिला कर्णाली प्रदेशबाट विदेसिएका छन् ।

सबैभन्दा बढी कामदार खाडी र मलेसिया जाने गरेको पाइएको छ । सन् २०२२/२३ मा मधेसबाट रोजगारीमा गएकाहरूमध्ये ६० प्रतिशतभन्दा बढीको रोजाइमा मलेसिया परेको छ । सोही वर्ष कर्णाली प्रदेशबाट पनि रोजगारीमा गएकामध्ये झण्डै ६० प्रतिशत मलेसिया नै गएका छन् । उक्त वर्ष सबैभन्दा बढी झण्डै ४५ प्रतिशत गण्डकी प्रदेशबाट खाडी मुलुकमा गएका छन् ।

सन् २०२३/२४ मा मधेसबाट रोजगारीमा झण्डै ७० प्रतिशत खाडी गएका छन् । अन्य प्रदेशबाट पनि खाडी मुलुक जानेहरू ५० प्रतिशत भन्दा बढी छन् । सो वर्ष मलेसिया जानेको संख्या भने ३० प्रतिशतभन्दा बढी देखिएको छ । उदयीमान गन्तव्यहरू दक्षिण कोरिया, क्रोएशिया, रोमानिया, साइप्रसलगायतका मुलुक जानेहरू भने हरेक प्रदेशमा १० प्रतिशतभन्दा कम छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## चुनावी मैदानमा देखिने छैनन् यी नेता

- पटक-पटक चुनाव जितेकाहरु यसपटक मैदानबाहिर
- प्रत्यक्ष निर्वाचनमा हार्ने डरले पार्टी नेतृत्व नै समानुपातिकमा
- राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीदेखि संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देनसम्म समानुपातिकमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** बहुदल पुनर्स्थापनापछिको आठौं संसदीय निर्वाचनको मैदानमा नेपाली राजनीतिका केही चर्चित अनुहारहरू नदेखिने भएका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का दुई शीर्ष नेता पूर्वप्रधानमन्त्री झलनाथ खनाल र पूर्वउपप्रधान तथा गृहमन्त्री बामदेव गौतमले निर्वाचनको मैदान छाडेका छन् । खनाल इलाम-१ बाट पटक-पटक निर्वाचन लड्दै आएका नेता हुन् । २०७९ को निर्वाचनमा उनी एमालेका महेश बस्नेतसँग हारेपछि संसदीय राजनीतिको किनारा लागेका थिए । यसपटक उनले निर्वाचन नलड्ने घोषणा नै गरे । गौतम कहिले बर्दिया त कहिले प्युठानदेखि निर्वाचन लड्दै आएका थिए । यसपटक उनको बर्दिया-१ बाट निर्वाचन लड्ने आइतबार टुंगो लागेको थियो । तर, सोमबार विष्णु थारुले टिकट पाए । हालै उनले निर्वाचन लड्ने भन्दै राष्ट्रिय सभा सदस्यबाट राजीनामा दिएका थिए ।

आगामी निर्वाचनमा कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा पत्नी डा. आरजु राणा देउवा पनि उम्मेदवार बन्ने छैनन् । उनी कैलाली-५ बाट उम्मेदवार सिफारिसमा परेकी थिइन् । तर, विशेष महाधिवेशनबाट गगन थापा सभापति भएपछि उनले टिकट पाइनन् । थापाले त्यस क्षेत्रमा पार्टीको सुदूरपश्चिम प्रदेशका महामन्त्री नरनारायण शाह (मनु)लाई टिकट दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### उम्मेदवारी दर्ता...

उनी निर्वाचन लड्दै आएको झापा-३ हो । यसपटक पनि उनले यही क्षेत्रबाट निर्वाचन लड्ने भएका छन् । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सप्तरी गएर उम्मेदवारी दिने भएका छन् । उनले निर्वाचन क्षेत्र परिवर्तन गर्दै सप्तरी-३ बाट उम्मेदवारी दिने भएका हुन् । नेकपा सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल रौतहट पुगिसकेका छन् । उनले रौतहट-१ बाट उम्मेदवारी दर्ता गराउने भएका छन् ।

प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का नेता तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई गृहजिल्ला गोरखा पुगेका छन् । उनले पनि गोरखा-२ बाट उम्मेदवारी दिँदै छन् । उज्यालो नेपाल पार्टी (उनेपा)का अध्यक्ष कुलमान घिसिङले काठमाडौं-३ मा उम्मेदवारी दिने भएका छन् । उनी पहिलोपटक संसदीय निर्वाचनमा सहभागी हुन लागेका हुन् । यसअघि उनी गृहजिल्ला रामेछापबाट निर्वाचन लड्ने चर्चा हुँदै आएको थियो । सुशीला कार्की नेतृत्वको नागरिक सरकारमा ऊर्जा, भौतिक तथा सहरी विकासमन्त्री भएका घिसिङले निर्वाचन लड्ने तयारी गरेपछि राजीनामा दिएका थिए ।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सुनसरी-१ बाट उम्मेदवारी दिने तयारी गरेका छन् । यो क्षेत्र उनको गृहनगर धरान भएको क्षेत्र हो । जनमत पार्टीका अध्यक्ष डा. सिके राउत पनि गृहजिल्ला सप्तरीमै छन् । उनले पनि सप्तरी-२ बाट उम्मेदवारी दिने भएका छन् ।

■■■

### चुनावी मैदान...

खड्काको नेतृत्वमा आइतबारमात्र सर्वोच्चमा निर्वाचन आयोगले गगन नेतृत्वको कार्यसमितिलाई आद्यावधिक गर्नेगरी गरिएको निर्णय खारेज गर्न रिट दायर गरिएको छ ।

यसैगरी नेताहरू मीन विश्वकर्मा, वीरबहादुर बलायर, डा. नारायण खड्कालेसमेत निर्वाचन नलड्ने घोषणा गरेका छन् । यी नेताहरू देउवापक्षका नेताहरू हुन् । शेखरनिकट नेता दिलेन्द्र बडूले पनि यसपटक निर्वाचन नलड्ने घोषणा गरेका छन् । दार्चुलाबाट निर्वाचित हुँदै आएका उनले पनि विशेष महाधिवेशनलाई असन्तुष्टि जनाउँदै प्रत्यक्ष निर्वाचन नलड्ने घोषणा गरेका हुन् ।

यसअघि उम्मेदवार सिफारिसकै क्रममा विशेष महाधिवेशनबाट निर्वाचित उपसभापति विश्वप्रकाश शर्मालेसमेत निर्वाचन नलड्ने घोषणा गरेका थिए । २०७९ सालमा झापा-१ बाट प्रत्यक्ष निर्वाचित भएका उनले पार्टीको कामका लागि खट्ने भन्दै उम्मेदवारी नदिने बताएका हुन् ।

त्यस्तै हृदयराम थानी, काभ्रेका नेता शिव हुमागाईले पनि प्रत्यक्ष निर्वाचन लड्ने छैनन् । जेन-जी आन्दोलन हुँदा पर्यटनमन्त्री रहेका बद्री पाण्डेले प्रतिनिधिसभा प्रत्यक्ष र समानुपातिक तथा राष्ट्रियसभा कतैतर्फ पनि उम्मेदवारी नदिने घोषणा गरिसकेका छन् । बाजुरा पुगेर पाण्डेले आफू उम्मेदवार नहुने बताएका हुन् । उनी २०७९ को चुनावमा बाजुराबाट निर्वाचित भएका थिए ।

काठमाडौंको क्षेत्र नम्बर १० मा लगातार तीनवटा चुनाव जितेका राजेन्द्र केसीले पनि निर्वाचन नलड्ने घोषणा गरेका छन् । पार्टीलाई रूपान्तरण र पुस्तान्तरण गर्नुपर्ने भएकोले आफूबाटै यो कामको अगुवाइ गरेको केसीले बताए । 'नयाँलाई पालो दिनुपर्‍यो नि । त्यसैले मैले छाडेको हुँ,' केसीले भने ।

केसी २०७०, २०७४ र २०७९ मा काठमाडौं १० बाट निर्वाचित भएका थिए । अर्का नेता जिपछिरिङ लामाले गृहजिल्ला दोलखाका नेता तथा कार्यकर्ताहरूलाई राखेर आफू निर्वाचन नलड्ने बताएका छन् । लामा २०६४ सालमा पहिलो संविधानसभामा सदस्य थिए । निर्वाचन नलड्ने घोषणा गर्नेमा पूर्वकृषिमन्त्रीसमेत रहेका धादिङ कांग्रेस सभापति रामनाथ अधिकारी पनि छन् । भदौ २३ र २४ गते जेन-जी आन्दोलन हुँदा मन्त्री रहेका अधिकारीले भदौ २४ गते पदबाट राजीनामा दिएका थिए । अधिकारी २०७९ को प्रतिनिधिसभा चुनावमा धादिङ क्षेत्र नम्बर २ बाट निर्वाचित भएका थिए ।

#### उम्मेदवार छान्न सकस

देउवापक्ष र डा. शेखर कोइरालापक्षलाई एकढिक्का बनाएर लैजाने प्रयासमा लागेको कांग्रेसले सबै क्षेत्रमा उम्मेदवार छान्न सकिरहेको छैन । यो समाचार तयार पार्दासम्म कांग्रेसले १६५ मध्ये ५० क्षेत्रको मात्र उम्मेदवार टुंग्याएको कांग्रेस सहमहामन्त्री योगेन्द्र चौधरीले बताए । चौधरी दाङ १ बाट उम्मेदवार सिफरिस भएका छन् । रातिसम्ममा सबै क्षेत्रको उम्मेदवार टुंगो लाग्ने उनले बताए ।

मनोनयनका लागि टिकट पाएकाहरू अधिकांश गगननिकट नेताहरू छन् । काभ्रे-१ मा गगननिकटका नेता गुणराज मोक्तानले टिकट पाउँदा काभ्रे-२ मा केन्द्रीय सदस्य मधु आचार्यले टिकट पाएका छन् । क्षेत्र नम्बर २ मा देउवा समूहका शिव हुमागाईं यसअघि पराजित भएका थिए ।

यसैगरी सिन्धुपाल्चोक क्षेत्र-२ मा वंशलाल तामाङले टिकट पाएका छन् । उनी पनि सभापति थापानिकट नेता हुन् । सिन्धुपाल्चोक-१ देउवानिकट नेता मोहन बस्नेतले दाबी गरेका कारण टिकट कसलाई दिने भन्नेबारे निर्णय भइनसकेको संसदीय बोर्डका एक सदस्यले बताए । नुवाकोट-२ मा नुवाकोटका पूर्वसभापति जगदिशनरसिंह केसीले टिकट पाएका छन् । बलबहादुर केसीले उम्मेदवारी नदिने घोषणा गरेसँगै सोलुखुम्बुमा पर्यटन व्यवसायी प्रकाशमान सिंह कार्कीले टिकट पाएका छन् ।

सभापति थापाको हस्ताक्षरमा ५० भन्दा बढीले टिकट लगेको उनको सचिवालयले जनायो । टिकट बाँडफाँटको लागि सभापति थापापक्षले देउवापक्ष र डा. शेखर पक्षलाईसमेत समेट्ने कोसिस गरिरहेको बताइएको छ । यद्यपि, यसबारे देउवानिकट नेता प्रकाशशरण महतले भने अनभिज्ञता जनाए ।

डा. कोइरालाले भने सोमबार दिउँसो टिकट वितरणबारे आफूलाई कुनै जानकारी नभएको बताएका थिए । 'देशैभरबाट टिकट माग्न आउने नेताहरूको भीड लागेको छ । तर कहाँ बसेर कसरी र कुन मापदण्डमा टिकट बाँडिदै छ त्यसको अहिलेसम्म कुनै जानकारी छैन,' कोइरालाले सचिवालयमार्फत भनेका थिए ।

### निर्वाचन आचारसंहिता...

स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ संठनलाई आचारसंहिता लाग्ने आयोगकी सहायक प्रवक्ता सीता श्रीस पुनले बताइन् ।

यसबाहेक उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारणा गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्तालाई आचारसंहिता लाग्ने उल्लेख छ ।

पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी आचारसंहिताको दायरामा परेका छन् ।

मतदाता, विकास साझेदार संस्था, सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारीलाई पूर्णरूपमा आचारसंहिताको दायरामा छन् ।

■■■

### चुनावी मैदानमा...

यससँगै पूर्वप्रधानमन्त्री तथा कांग्रेसका निवर्तमान सभापति देउवाकी पत्नी आरजु प्रत्यक्ष निर्वाचनबाट अलग हुनु परेको हो । कांग्रेसको उम्मेदवार टुंगी नसकेको हुँदा अरु को-को चुनावमा नदेखिने हुन्, निश्चित छैन ।

नेकपा एमालेका चर्चित नेताहरू गोकुल बाँस्कोटा, सुरेन्द्र पाण्डे, योगेश भट्टराई र भीम आचार्य पनि यसपटकको निर्वाचनमा उम्मेदवार नबन्ने भएका छन् ।

#### हार्ने डरले अध्यक्षहरू नै समानुपातिकमा

प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फ हार्ने डरले चार पार्टीका पाँच अध्यक्षहरू नै समानुपातिकमा बसेका छन् । यदि, पार्टीले प्रत्यक्षतर्फ एक सिट जितेर 'थ्रेस होल्ड' पार गरे समानुपातिक सांसद बन्नेगरी पहिलो नम्बरमै उनीहरू बसेका हुन् ।

त्यसैगरी प्रत्यक्ष निर्वाचन नलडी समानुपातिक सूचीको पहिलो नम्बरमा रहेका नेतामा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी छन् । संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देन, प्रगतिशील लोकतान्त्रिक पार्टीका पाँच सदस्यीय अध्यक्ष परिषद्का सन्तोष परियार र दुर्गा सोब तथा नेपाल लोकतान्त्रिक पार्टीकी अध्यक्ष गीता राणा हुन् ।

८४ वर्षीय अध्यक्ष केसी पार्टीले निर्वाचन आयोगमा बुझाएको समानुपातिक बन्दसूचीमा खस आर्यतर्फ पहिलो नम्बरमा छन् । उनी बागलुङ-२ बाट २०५६, २०६४, २०७० र २०७९ मा निर्वाचित नेता हुन् । तर, यसपटक उनले प्रत्यक्षतर्फको निर्वाचन नलड्ने भए ।

यसबारे अध्यक्ष केसीले प्रभावसँग भने, 'मेरी श्रीमती बिरामी छे, म चुनावमा भोट माग्दै गाउँ-गाउँ जान पाउँदिनँ । त्यसो हुँदा म यसपटक प्रत्यक्ष निर्वाचन नलड्ने भएँ ।'

प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) अध्यक्ष परिषद्का एक जना सदस्य परियार यसअघि पनि रास्वपाका समानुपातिक सांसद थिए । प्रतिनिधिसभामा उनी प्रमुख सचेतक भए । केही महिनाअघि उक्त पार्टी छाडेर प्रलोपा गठन गरेका उनले यसपटक पनि प्रत्यक्ष निर्वाचन नलड्ने भएका हुन् । उनी पार्टीले आयोगमा बुझाएको समानुपातिक उम्मेदवारमा दलित पुरुषको पहिलो नम्बरमा छन् । सोही पार्टीको अध्यक्ष परिषद्की अर्की सदस्य दुर्गा सोब पनि समानुपातिकतर्फ दलित महिलाको नम्बरमा छिन् । उनी पूर्वसांसद हुन् । उनी पनि निर्वाचनको मैदानमा नउत्रिने भएका हुन् ।

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देन त लगातार चौथोपटक समानुपातिक सूचीमा बसेका नेता हुन् । उनले २०६४ मा पाँचथर-२ मा निर्वाचन लडे । त्यसबेला पराजित भएदेखि उनी २०७०, २०७४ र २०७९ हुँदै यसपटक पनि समानुपातिक सांसदकै सूचीमा बसेका हुन् । तर, उनी समानुपातिक सूचीमा बसे पनि कहिल्यै सांसद हुनेगरी मत उनको दलले प्राप्त गरेको छैन । उनको नाम यसपटक समानुपातिक सूचीको पहिलो नम्बरमै छ ।

नेपाल लोकतान्त्रिक पार्टी नयाँ दल हो । यस दलकी अध्यक्ष गीता राणा नै प्रत्यक्ष निर्वाचन लड्न हिच्किचाइन् । पार्टीले निर्वाचन आयोगमा बुझाएको १२ जना समानुपातिक उम्मेदवारको सूचीमा उनी पनि पहिलो नम्बरमा छिन् ।

प्रत्यक्ष निर्वाचनमा हार्ने जोखिमबाट जोगिन उनीहरू समानुपातिकमा बसेका हुन् । जबकि, समानुपातिक प्रणालीको मूल मर्म प्रत्यक्ष चुनावबाट आउन नसक्नेलाई समेट्ने भन्ने हो तर पार्टी नेतृत्वहरू नै समानुपातिकमा बस्दा सीमान्तकृत समुदायका तल्लो तहका नेताहरूले अवसर नपाउने अवस्था हुने भन्दै उनीहरूको आलोचना हुन थालेको छ ।

■■■

### वैदेशिक रोजगारीमा...

जिल्लागत तथ्यांक हेर्दा २०२३/२४ मा रोजगारीमा गएकाहरूमध्ये सबैभन्दा बढी ४.४ प्रतिशत धनुषाका रहेका छन् । त्यस्तै झापाका ४.३, मोरङको चार र सिरहाबाट ३.७ प्रतिशत छन् । रोजगारीमा गएका महिलामध्ये सबैभन्दा बढी ७.६ प्रतिशत झापाका छन् । त्यस्तै, मोरङका ५.३, मकवानपुरका ४.६ र सिन्धुपाल्चोकको ४.३ प्रतिशत छन् ।

नेपालीहरू रोजगारीका लागि छिमेकी मुलुक भारतसमेत जाने गरेका छन् । तर, भारतका लागि श्रम स्वीकृति आवश्यक नपर्ने हुँदा त्यहाँ जानेहरूको तथ्यांक सरकारसँग हुँदैन । एक अध्ययनले भारत जानेहरू सबैभन्दा बढी सुदूरपश्चित प्रदेशबाट र सबैभन्दा कम बागमती प्रदेशबाट रहेका छन् ।

सन् २०२१ मा गरिएको अध्ययनका अनुसार पाँच लाख ५४ हजार २४४ जना रोजगारीका लागि भारत गएकोमा सुदूरपश्चिमबाट ४०.८ प्रतिशत रहेको छ । दोस्रोमा लुम्बिनी प्रदेशबाट २६.८ प्रतिशत छन् भने बागमती प्रदेशबाट ३.७ प्रतिशत छन् ।

# महिला तथा बालिकामाथि हुने हिंसाविरुद्ध नीति निर्माण गर्दै स्थानीय तह

**नेपालगञ्ज–** बाँकेका दुई स्थानीय तहले महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरणका लागि नीति निर्माणको तयारी गरेका गरेका छन् । महिला तथा बालबालिकाविरुद्ध हुने हिंसा सम्बोधनका लागि सोमबार यहाँ पत्रकारसँगको छलफलमा ती स्थानीय तहले हिंसाविरुद्धको नीति तयार गरिरहेको जानकारी गराएका हुन् ।

नेपालगञ्ज उपमहानगरपालिकाकी महिला विकास शाखा प्रमुख पवित्रा गिरीले स्थानीय तहले निर्माण गरेको नीतिको मस्यौदा नेपालगञ्ज उपमहानगरपालिकाको कार्यपालिकालाई केही दिनमा नै हस्तान्तरण गर्ने तयारी भइरहेको उल्लेख गर्दै यसबाट महिलामाथि हुने यौनजन्य दुर्व्यहार कम हुने विश्वास व्यक्त गरिन् । उनले लैंगिक समानताका आधारमा व्यवहार रूपान्तरण गर्नसमेत यौन दुर्व्यवहार निवारण आचारसंहिताले सघाउ पुर्‍याउनेमा जोड दिँदै यसलाई कार्यपालिका बैठकबाट पास गरेर चाँडै लागू गरिने जानकारी दिइन् ।

जानकी गाउँपालिकाले महिलामाथि हुने हिंसा निवारणका लागि स्थानीय रूपमा 'हेल्प डेस्क' स्थापना गरेको छ । पीडित महिलालाई न्यायमा पहुँच वृद्धि गर्न संयन्त्रको विकास गर्न पालिकाले थालेको हो ।

महिला र कानुन विकास मञ्चका कार्यकारी अधिकृत सविन श्रेष्ठले पीडित महिलाका लागि हिंसा निवारण हुने कानुन सबै स्थानीय तहले निर्माण गर्नुपर्ने बताए । उनले बाँकेबाहेक बर्दियामा पनि कानुन निर्माण गरेर स्थानीय तहले महिला हिंसाविरुद्ध काम गरेको उल्लेख गरे । *रासस*


**युएईमा रोजगार** कम्पनी : Al Basma Al Baidha Building Maintenance

पूर्व स्वीकृति मिति : २०८२/१०/04 LT. No. 337185 चलानी नं. ६०२५०७८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 108 | 0 | 1000 | ३९,५५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: AKH TRANING CENTER मा मिति: २०८२ माघ १३ गते (27th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ११९/०५५/०५६

ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

**मलेसियामा रोजगार** कम्पनी : SPECIAL SECURITY SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/०५ LT. No. 332310 चलानी नं. ६०२४७५२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 57 | 0 | 1700 | ६०,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १३ गते (27th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Mobile: 9851085102, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

**साउदीमा रोजगार** कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८१/04/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/०५ LT. No. 310312 चलानी नं. ६०२२४८८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & unloading worker | 49 | 0 | 1000 | ३८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: सुनसरी, इटहरी, सुनसरी टेक्निकल ट्रेनिङ सेन्टरमा मिति: २०८२ माघ १३ गते (27th Jan. 2026) मा हुनेछ ।
सिरहा गोलबजार, मा धामिनी ट्रेनिङ सेन्टरमा मिति: २०८२ माघ १४ गते (28th Jan. 2026) मा हुनेछ ।
धनुषा, जनकपुर, सेभेन स्टार होटरमा मिति: २०८२ माघ १५ गते (29th Jan. 2026) मा हुनेछ ।
बाँके, नेपालगञ्ज, नेपालगञ्ज ट्रेनिङ सेन्टरमा मिति: २०८२ माघ १६ गते (30th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


YUSHO GLOBAL PVT. LTD.
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104
श्रम इजाजत नं. ११८२/०७३/७४


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

मंगलबार, ०६ माघ, २०८२

| | |
|---|---|
| मेष | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| वृष | उतारचढावमा समय व्यतित हुनेछ । |
| मिथुन | प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| कर्कट | विषेश काम, रोकिएका काम बन्नेछ । |
| सिंह | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| कन्या | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| तुला | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| वृश्चिक | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| धनु | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| मकर | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| कुम्भ | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| मीन | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ माघ, २०८२ (२० जनवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.०९ | १४५.६९ |
| युरो | १ को | १६८.२९ | १६८.९९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९४.१७ | १९४.९७ |
| स्विस फ्रैन्क | १ को | १८०.७० | १८१.४४ |
| अस्ट्रेलियन डलर | १ को | ९६.९६ | ९७.३६ |
| क्यानाडियन डलर | १ को | १०४.२७ | १०४.७० |
| सिङ्गापुर डलर | १ को | ११२.५६ | ११३.०३ |
| जापानी येन | १० को | ९.१८ | ९.२१ |
| चिनियाँ युआन | १ को | २०.८२ | २०.९१ |
| साउदी अरब रियाल | १ को | ३८.६९ | ३८.८५ |
| कतारी रियाल | १ को | ३९.८१ | ३९.९७ |
| थाई भाट | ख १ को | ४.६१ | ४.६३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५० | ३९.६७ |
| मलेसियन रिङेट | १ को | ३५.७६ | ३५.९१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८५ | ९.८९ |
| स्विडिस क्रोनर | १ को | १५.७३ | १५.८० |
| डेनिस क्रोनर | १ को | २२.५२ | २२.६२ |
| हङकङ डलर | १ को | १८.६१ | १८.६९ |
| कुवेती दिनार | १ को | ४७४.४६ | ४७६.४२ |
| बहराइन दिनार | १ को | ३८४.८५ | ३८६.४५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# वीर अस्पतालमा आकस्मिक कक्ष विस्तार

■ प्रभाव संवाददाता



**काठमाडौं–** वीर अस्पतालमा आकस्मिक कक्ष (शयया) विस्तार गरिएको छ। अस्पतालका निर्देशक डा. दिलीप शर्माले बिरामीको चापलाई ध्यानमा राखेर २५ वटा आकस्मिक कक्ष विस्तार गरिएको जानकारी दिए ।

यसअघि ३० आकस्मिक कक्षबाट अस्पताल सञ्चालनमा थियो । 'अस्पतालमा एउटै कक्षमा दुई-दुई बिरामी राखेर उपचार गर्नुपर्ने बाध्यता थियो,' उनले भने, 'बिरामीको उपचारलाई ध्यान दिएर हामीले आकस्मिक कक्ष थप गरेका हौं । अझै २० आकस्मिक कक्ष चाँडै नै विस्तार हुने छ ।'

उक्त आकस्मिक कक्षमा बिरामीका कुरुवालाई खाना पकाउने व्यवस्थासमेत गरिएको छ । अस्पतालका निर्देशक डा. शर्माका अनुसार उक्त आकस्मिक कक्ष स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अस्पतालको आन्तरिक स्रोतबाट सात करोड रूपैयाँको लागतमा निर्माण गरिएको हो ।

अस्पतालमा अहिले दैनिक तीन हजारभन्दा बढी बिरामी उपचार गर्न आउने गरेका छन् । यस्तै अस्पतालमा दैनिक ७० देखि ८० साना ठूला शल्यक्रिया गर्ने गरिएको छ । अस्पतालमा हाल ८५० शयया र ११० सघन उपचार कक्ष (आइसियू) रहेका छन् ।

# 'रैथाने ज्ञान, सीप र संस्कृति नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्छ'

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले सबै समुदायका मौलिक पर्व, भाषा, संस्कृति र पहिचानको संरक्षण तथा प्रवर्द्धनप्रति नेपाल सरकार सदैव प्रतिबद्ध रहेको विश्वास दिलाएकी छन् ।

सोनाम ल्होछारका अवसरमा नेपाल तामाङ घेदुङलगायत संघसंस्थाद्वारा सोमबार टुँडिखेलमा आयोजित 'तामाङ सांस्कृतिक महोत्सव तथा शुभकामना आदानप्रदान कार्यक्रम'लाई सम्बोधन गर्दै उनले सबै जातजातिका मौलिक परम्परा, संस्कृति र जीवन पद्धतिको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु राज्यको दायित्व भएको बताइन् ।

आजको समय देशले शान्ति, सुव्यवस्था, सहअस्तित्व र स्थायित्व खोजिरहेको समय भएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले विविधता बीचको सम्मान, सहिष्णुता र आपसी विश्वासले मात्रै हामीलाई दिगो स्थिरतातर्फ लैजाने धारणा राखिन् । सोनाम ल्होछारजस्ता पर्वहरूले आफ्नोपन, मौलिकता र राष्ट्रिय एकताको भाव सिकाउने जनाउँदै उनले यसबाट हाम्रो सांस्कृतिक पहिचान विश्वमञ्चमा पुगिरहेको बताइन् ।

रैथाने ज्ञान, सीप र संस्कृतिको संरक्षण गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्नेमा जोड दिँदै उनले ल्होछारसँग जोडिएको पञ्चतत्व र स्वस्थ जीवन दर्शनले तामाङ समुदायको मौलिक ज्ञान, विज्ञान र जीवन पद्धतिको गहिरो पक्षलाई उजागर गर्ने बताइन् ।

कार्यक्रममा तामाङ जातिका सांस्कृतिक संस्थाहरू ताम्बा, बोन्बो तथा लामाको विशेष सांस्कृतिक झाँकी प्रदर्शन, परम्परागत गीत, नृत्यहरूको साथमा चर्चित कलाकारहरूको प्रस्तुति रहेको थियो । तामाङ समुदायको विशेष खानाको परिकारहरू, तामाङ भेषभूषाहरू, तामाङ जातिसँग सम्बन्धित पुस्तक तथा अन्य तामाङ जातिको पहिचान झल्किने परम्परागत वस्तुहरूलाई विभिन्न स्टलहरूमा बिक्री तथा प्रदर्शनी गरिएको थियो ।

तामाङ, ह्योल्मोलगायत समुदायले नयाँ वर्षको रूपमा सोनाम ल्होछार मनाउने गर्छन् । १२ वटा जीवजन्तुको नाममा ल्हो (वर्ग)को गणना गर्ने परम्परा रहेको छ, जुन प्रत्येक वर्ष फेरिन्छ । जसअन्तर्गत यस वर्ष सर्प वर्गको बिदाइ गरी 'ता ल्हो' (घोडा वर्ग) लाई स्वागत गरिएको छ ।

# आयोगले सुरु गऱ्यो 'कल सेन्टर'

■ प्रभाव संवाददाता



**काठमाडौं–** मतदाताका निर्वाचनसम्बन्धी जिज्ञासाको निःशुल्क जानकारी दिने उद्देश्यले सोमबारदेखि निर्वाचन आयोगले 'कल सेन्टर' शुभारम्भ गरेको छ ।

निर्वाचनसम्बन्धी केही जिज्ञासा भएमा 'टोल फ्री नम्बर ११०२' मा सम्पर्क गरी सोध्न सकिने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । 'कल सेन्टर' मा छ वटा डेस्क स्थापना गरिएको छ । ती डेस्कबाट एकसाथ मतदाताको जिज्ञासाको समाधान गरिने उनले सुनाए । कामको चापअनुसार डेस्क बढाउन पनि सकिने जनाइएको छ ।

'कल सेन्टर' मा गण्डकी प्रदेशबाट फोन गरेका पहिलो व्यक्तिले यसअघि प्रकाशित भइसकेको लोकसेवा आयोगको परीक्षा निर्वाचन आचारसंहिताका कारण प्रभावित हुन्छ कि हुन्न भनी प्रश्न गरेका थिए । 'कल सेन्टर' का अधिकारीहरूले यसअघि नै तय भइसकेको परीक्षा निर्वाचन आचारसंहिताका कारण प्रभावित नहुने जवाफ दिएका थिए ।

बिहान ९ देखि साँझ ६ बजेसम्म 'कल सेन्टर' सञ्चालन हुने आयोगले जनाएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी कुनै जानकारी चाहिएमा वा जिज्ञासा राख्न चाहेमा सम्पर्क गर्न सकिने आयोगले जनाएको छ । उम्मेदवार विजयी भएर प्रमाणपत्र नदिँदासम्म कल सेण्टर सञ्चालनमा आउने छ ।


**Local Government**
**Indrawati Rural Municipality**
**Office of Rural Municipal Executive**
**Nawalpur, Sindhupalchok**
**Bagmati Province, Nepal**

## Intention to Award

**Publish Date :- 2082/10/06**

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intended to award the contract.

| S. N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price NRS. (including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/ NCB/ 082/083-23 | Construction works at Musure Khola Jamune Faat irrigation project, Indrawati 5, Sindhupalchowk | M/S Swoichha Construction, Indrawati-5, Sindhupalchowk | 14,47,560.51 |
| 2 | IRMSI/W/ NCB/ 082/083-24 | Indrawati Rangasala Pahiro Niyantran, Indrawati 5, Sindhupalchowk | M/S Narayanthan Nirman Sewa, Indrawati-5 Sindhupalchowk | 19,35,956.68 |
| 3 | IRMSI/W/ NCB/ 082/083-25 | Construction works of Narayansthan Samudaik Bhawan, Aiselukharka Nakarmitol Guthi Samudaik Bhawan Indrawati 5 & Wada karyalaya Parisar Nirman, Indrawati 6, Sindhupalchowk | M/S Rastra Nirman Ra Suppliers tatha Sarsafai Pvt. Ltd., Indrawati-7, Sindhupalchowk | 18,46,378.76 |
| 4 | IRMSI/W/ NCB/ 082/083-26 | Roadway at Bisdeutar Madheypahadi Lokmarga Starraounati, Indrawati-11 & Jholunge Madheypahadi Merorbato, Indrawati-10 & Thumka Marandada Masar Sadak, Indrawati-10& Badahare Rayale Nepane Sadak, Indrawati-10, Sindhupalchowk | M/S New Kalika Devi Construction Roshi-7, Kavrepalanchowk | 30,27,675.11 |
| 5 | IRMSI/W/ NCB/ 082/083-27 | Construction works at Archale Jyakchuk Chhorten, Indrawati -8 & Jirokilo Daduwakharka chhorten Parisar, Indrawati-5, Sindhupalchowk | M/S Narayanthan Nirman Sewa, Indrawati-5 Sindhupalchowk | 20,84,330.32 |

**Chief Administrative Officer**



## एनएमबि बैंक लिमिटेड बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८२।१०।०६ को प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२।१०।१३ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण :**

**१. ऋणीको नामः ब्येल मल्टिपल प्रा. लि.** **कर्जा शिर्षकः** चालुपूँजी कर्जा, आवधिक कर्जा र क्यास क्रेडिट
(नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: १७७६२६/०७४/०७५, दर्ता मितिः २०७४/०७/२०, स्थायी लेखा नं.: ६०६८५८०३८, ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा. वडा नं ४, बागबजार ।

**सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुः**
**क. सुनिल खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१००१/१०८९६७ (२०६५/०६/२७/तनहुँ), बाजेको नामः शेर बहादुर खड्का, बाबुको नामः झलक बहादुर खड्का, ठेगानाः तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ५ ।
**ख. राम बहादुर बि.क.:** ना.प्र.प.नं (जारी मिति/स्थान): २६३६६ (२०५९/०१/३१/तनहुँ), बाजेको नामः शिव लाल बि.क., बाबुको नामः तिल बहादुर बि.क., ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ ।

**व्यक्तिगत जमानतकर्ताः**
**भगवती मल्लः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५४६६० (२०५९/०१/१६/तनहुँ), बाबुको नामः याम बहादुर मल्ल, ससुराको नामः तिल बहादुर बि.क., पतिको नामः राम बहादुर बि.क., ठेगानाः तनहुँ जिल्ला, वैदी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भइ हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ ।

**२. ऋणीको नामः राम बहादुर बि.क.** **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
(ना.प्र.प.नं (जारी मिति/स्थान): २६३६६ (२०५९/०१/३१/तनहुँ), बाजेको नामः शिव लाल बि.क., बाबुको नामः तिल बहादुर बि.क., ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ ।

**व्यक्तिगत जमानतकर्ताः**
**भगवती मल्लः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५४६६० (२०५९/०१/१६/तनहुँ), बाबुको नामः याम बहादुर मल्ल, ससुराको नामः तिल बहादुर बि.क., पतिको नामः राम बहादुर बि.क., ठेगानाः तनहुँ जिल्ला, वैदी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भइ हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ ।

**माथि उल्लेखित दुई ऋणीहरुको लिलाम हुने धितोको विवरणः**
नशिव लाल बि.क.को नाति, तिल बहादुर बि.क.को छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ बस्ने **राम बहादुर बि.क.**को नाममा मालपोत कार्यालय तनँहुको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनँहु जिल्ला, कर्लुङ गा.वि.स./न.पा. वडा नं. ६/क स्थित कि.न. ३२०, १६२५, १३१ र १५९३ को क्षेत्रफल क्रमशः ५-१२-०-२, १-९-३-१, ३-५-२-२ र ३-७-३-१ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ऋणी ब्येल मल्टिपल प्रा. लि.को लिलाम हुने धितोको विवरणः**
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं.: १७७६२६/०७४/०७५ र स्थायी लेखा नं.: ६०६८५८०३८ दर्ता रहेको तनहुँ जिल्ला, व्यास न.पा. वडा नं ४, बागबजार स्थित **ब्येल मल्टिपल प्रा.लि.**को नाममा मालपोत कार्यालय दमौली, तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स वडा नं. ९/ञ स्थित कि.न. १२४५ र १२३१ को क्षेत्रफल क्रमशः ०-२-०-० र ०-२-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**३. ऋणीको नामः ज्ञान ट्रेड सप्लायर्स** **कर्जा शिर्षकः** क्यास क्रेडिट र आवधिक कर्जा
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: ८१५८/०७७/०७८, दर्ता मितिः २०७७/०९/२१, स्थायी लेखा नं.: ६०००५८२८७, ठेगानाः काठमाण्डौ जिल्ला, टोखा न.पा. वडा नं २ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**राम बहादुर बि.क.:** ना.प्र.प.नं (जारी मिति/स्थान): २६३६६ (२०५९/०१/३१/तनहुँ), बाजेको नामः शिव लाल बि.क., बाबुको नामः तिल बहादुर बि.क., ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ ।

**व्यक्तिगत जमानतकर्ताः**
**भगवती मल्लः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५४६६० (२०५९/०१/१६/तनहुँ), बाबुको नामः याम बहादुर मल्ल, ससुराको नामः तिल बहादुर बि.क., पतिको नामः राम बहादुर बि.क., ठेगानाः तनहुँ जिल्ला, वैदी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भइ हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ ।

**लिलाम हुने धितोको विवरणः**
याम बहादुर मल्लको छोरी, तिल बहादुर बि.क. को बुहारी, राम बहादुर बि.क. को पत्नी, तनहुँ जिल्ला, वैदी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भइ हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ बस्ने **भगवती मल्ल**को नाममा मालपोत कार्यालय तनँहुको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनँहु जिल्ला, कर्लुङ गा.वि.स./न.पा., वडा नं. ६/ख स्थित कि.न. १३३१ र १३३३ को क्षेत्रफल क्रमशः ०-६-०-३ र ०-१२-१-१ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः पिस प्याराडाइज रिसोर्ट** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र आवधिक कर्जा
(प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश दमौली, तनहुँमा दर्ता रहेको), दर्ता नं.: १०३५८/०७७/०७८, दर्ता मितिः २०७७/१०/०९, स्थायी लेखा नं.: ६१४९२२१५०, ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा. वडा नं ४, विरता टोल ।

**साझेदार तथा व्यक्तिगत जमानतकर्ताहरुः**
**क. सुनिल खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१००१/१०८९६७ (२०६५/०६/२७/तनहुँ), बाजेको नामः शेर बहादुर खड्का, बाबुको नामः झलक बहादुर खड्का, ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ ।
**ख. राम बहादुर बि.क.:** ना.प्र.प.नं (जारी मिति/स्थान): २६३६६ (२०५९/०१/३१/तनहुँ), बाजेको नामः शिव लाल बि.क., बाबुको नामः तिल बहादुर बि.क., ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ ।

**लिलाम हुने धितोको विवरणः**
प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश दमौली, तनहुँमा दर्ता नं.: १०३५८/०७७/०७८ र स्थायी लेखा नं.: ६१४९२२१५० दर्ता रहेको तनहुँ जिल्ला, व्यास न.पा. वडा नं ४, विरता टोल स्थित **पिस प्याराडाइज रिसोर्ट**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स./न.पा. वडा नं. ९/ठ स्थित कि.न. १०६, १०७, ३२७४ र ६५ को क्षेत्रफल क्रमशः ०-१-३-२, ०-१०-१-१, ०-५-३-२ र १-०-३-१ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**५. ऋणीको नामः जितेन्द्र कुमार ठाकुर** **कर्जा शिर्षकः** आवधिक कर्जा (सहुलियत कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): १५३०२२/२४५ (२०६३/१२/२७/सिराहा), बाजेको नामः लक्ष्मण ठाकुर, बाबुको नामः राम शोभित ठाकुर, ठेगानाः सिरहा जिल्ला, धनगढी गा.वि.स, वडा नं. ०९ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**१. राम कुमारी ठाकुरः** ना.प्र.प.नं (जारी मिति/स्थान): १५३०२२/६६५ (२०६३/१२/२३/सिराहा), बाबुको नामः गर्भु ठाकुर, ससुराको नामः लक्ष्मण ठाकुर, पतिको नामः राम शोभित ठाकुर, ठेगाना. सिरहा जिल्ला, धनगढी गा.वि.स, वडा नं. ०९ ।
**२. सरस्वती कुमारी शर्माः** ना.प्र.प.नं (जारी मिति/स्थान): १५२००६/७७३३ (२०६८/०७/२८/सिराहा), बाबुको नामः राम प्रसाद ठाकुर बदही, ससुराको नामः राम शोभित ठाकुर, पतिको नामः जितेन्द्र कुमार ठाकुर, ठेगाना. सिरहा जिल्ला, पहरिया थारू टोल, वडा नं. ०५ ।

**लिलाम हुने धितोको विवरणः**
लक्ष्मण ठाकुरको नाति, राम शोभित ठाकुर को छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स , वडा नं. ०९ बस्ने **जितेन्द्र कुमार ठाकुर**को नाममा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, सिहंग्राही मटिहर्वा गा.वि.स, वडा नं. ०५ स्थित कि.न. २५५४ को क्षेत्रफल ०-०-५-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## उम्मेदवारी मनोनयन प्रभावित नहोस्

**प्रतिनिधिसभा सदस्यका लागि फागुन २१ गते निर्वाचन हुँदै छ। उक्त निर्वाचनका लागि आज देशभर उम्मेदवारी मनोनयन तोकिएको छ। १६५ निर्वाचन क्षेत्रमा हुन लागेको निर्वाचनका लागि विभिन्न दलबाट उम्मेदवार तय भइसकेका छन्। निर्वाचन कार्यालयहरूमा दलहरूलाई मनोनयनको फरक–फरक समय तोकिसकिएको छ।**

**सरकारका केही मन्त्रीसमेत राजीनामा दिएर निर्वाचनमा भाग लिँदै छन्। यस्तो अवस्थामा शीर्ष भनिने दलले विभिन्न कारण देखाउँदै निर्वाचन सार्नुपर्ने बताउँदै आएको थियो। तर सरकारले सबै दललाई विश्वासमा लिएर निर्वाचन समयमै गर्ने तयारी गरिसकेको छ। यस्तो अवस्थामा आन्तरिक किचलो देखाउँदै कांग्रेस, उज्यालो नेपाल पार्टीलगायतले सर्वोच्चमा रिट दायर गरेका छन्। यो रिटको मुख्य आशय हो मनोनयनको कार्यक्रम रोकेर केही समय म्याद थप गर्नु। निर्वाचनको मुखमा आएर आफैं आन्तरिक किचलोमा फसेर अपडेट हुने जनचाहनालाई धकेल्न हुन्न।**

**मनोनयनको कार्यक्रम एक दिन रोकिँदा पनि एक त राज्यको खर्च बढ्छ भने अर्को भनेको चलखेल र आशंका उत्तिकै बढ्छ। यसले निर्वाचनका कार्यक्रमहरू प्रभावित हुन सक्छ। जेन–जी विद्रोहपछि ताजा जनादेशका लागि जनताले जे चाहेका छन् त्यो गरिनुपर्छ। मनोनयन प्रभावित गर्न उच्छृंखल गतिविधिसमेत हुनसक्छ। यसको विषयमा आयोग चनाखो हुनुपर्छ। सुरक्षा निकायले यस विषयमा विशेष ख्याल गर्नुपर्छ।**

**कांग्रेस र उज्यालो पार्टीको निवेदन देखाउँदै अरु दलले पनि मनोनयन सार्ने दाउ हेरिरहेका देखिन्छ। यो बीचमा केही व्यक्तिहरूलेसमेत निर्वाचन बिथोल्नेगरी विभिन्न गतिविधि गर्न सक्छन्। यस्तो विषयमा सरकार सजक हुनुपर्छ। सोमबारसम्ममा अधिकांश दलले उम्मेदवार टुंग्याउँदै गर्दा कांग्रेसले भने टुंगो लगाउन सकेको छैन।**

**यस्तो अवस्थामा अन्तिम अवस्थामा कांग्रेसले यसको विषय अड्काउने देखिन्छ। निर्वाचनका सम्पूर्ण कार्यक्रम अघि बढिसकेको अवस्थामा कुनै अमुक दलको पछि लाग्नु हुँदैन। हुन त सोमबार आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले मनोनयनका कुनै कार्यक्रम नरोकिने स्पष्ट पारिसकेका छन्। आइतबारमात्र भण्डारीले प्रधानमन्त्री सुशीला कार्कीसँग निर्वाचनको तयारी र सरकारले गर्नुपर्ने सहयोगबारे छलफल गरेका थिए। प्रधानमन्त्री कार्कीको अनुमति पाएर नै होला प्रमुख आयुक्त भण्डारी 'कन्फिडेण्ट' सुनिएका छन्। जसरी बोलीमा स्पष्ट सुनिए, उसैगरी आयोग व्यवहारमा पनि उत्रियोस्। दलको किचलोलाई देखाउँदै मनोनयन नरोकियोस्।**

# गुमिरहेको अपार सम्भावना र सुधारको पर्खाइमा संग्रहालय



❑ ओमप्रकाश घिमिरे

सन् २०२५ को नोभेम्बर १ तारिखमा इजिप्टले करिब साढे एक अर्ब डलर लगानी गरेर निर्माण गरेको ग्राण्ड इजिप्सियन म्युजियम विश्वका ७९ देशका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा उद्घाटन गऱ्यो। देशभरि सार्वजनिक बिदा दिएर उद्घाटन गरिएको सो कार्यक्रमका अतिथिहरूले इजिप्टको सभ्यता र संस्कृति विश्वकै लागि एक महत्त्वपूर्ण वैभव भएकाले मानव सभ्यताका ती प्रमाणहरू हेर्न विश्वका हरेक मानिसहरू यो संग्रहालय आउनुपर्छ भन्ने सन्देश दिएका थिए भने विश्वभरिकै 'मिडिया'मा यो विषयको भव्य चर्चा पनि भयो।

संग्रहालयकै अर्को प्रसंग जोडौं। करिब एक अर्ब ४२ करोड जनसंख्या रहेको छिमेकी मुलुक चीनमा त्यहाँको सरकारले ९० प्रतिशत संग्रहालयमा निःशुल्क प्रवेश गर्ने व्यवस्था गरेको छ, जहाँ सन् २०२४ मा करिब एक अर्ब ५० करोड मानिसले संग्रहालय भ्रमण गरेका थिए। सन् २०१६ गरिएको एक अध्ययनअनुसार संयुक्त राज्य अमेरिकामा संग्रहालयले सात लाख २६ हजारभन्दा बढी मानिसलाई रोजगारी दिएको छ भने वार्षिक ५० अर्ब डलरभन्दा बढी राष्ट्रिय अर्थतन्त्रमा योगदान गरेको छ।

यी केही उदाहरणहरू हुन् जसले संग्रहालयलाई पुराना वस्तुको भण्डारण गृहको सीमित दायराको परम्परागत बुझाइलाई राष्ट्रिय पहिचान, गरिमा, पर्यटक आकर्षण र अर्थतन्त्रको उत्प्रेरकसमेत हो भन्ने फराकिलो दायरामा बुझ्ने तथ्यगत आधारहरू दिन्छ। संग्रहालयको यही सम्भावना देखेर विश्वका धेरै मुलुकले अहिले संग्रहालय निर्माणमा ठूलो लगानी गरेका छन्। उदाहरणका लागि, गत नोभेम्बरमा उद्घाटन गरिएको इजिप्टको संग्रहालयको लगानी करिब डेढ अर्ब डलर अर्थात् दुई खर्ब नेपाली रूपैयाँभन्दा बढी हुन्छ। संग्रहालय इतिहास, ज्ञान, स्मृति, पहिचान र संवादका केन्द्र हो, जसले समाजलाई आफ्ना विगतसँग जोड्दै वर्तमान र भविष्यका लागि मार्गदर्शनसमेत गर्दछ। शिक्षा, अनुसन्धान, संरक्षण र जनसञ्चारका माध्यमबाट संग्रहालयले सामाजिक रूपान्तरणको भूमिका बढाइरहेको छ। विश्वमा अहिले संग्रहालय हरेक देशको सफ्ट पावर (नरम शक्ति) का रूपमा पनि मानेको छ र ठूलो लगानी भइरहेको छ।

### नेपालमा संग्रहालयको अवस्था

विश्वमा आधुनिक संग्रहालयको सुरुआत आजभन्दा झण्डै साढे ३०० वर्षअघि सन् १६८२ मा बेलायतमा स्थापना भएको अस्मोलिन म्युजियमबाट भएको मानिन्छ। नेपालमा भने विश्वमा आधुनिक संग्रहालय स्थापना भएको साढे २०० वर्षपछि अर्थात् १९९५ सालमा स्थापना भएको नेपाल म्युजियम पहिलो संग्रहालय हो। २०२४ सालमा उक्त संग्रहालय राष्ट्रिय संग्रहालयमा रूपान्तरित भयो। अहिले यो परिसरभित्र राष्ट्रिय संग्रहालय र राष्ट्रिय मुद्रा संग्रहालय सञ्चालनमा छन्।

युनेस्कोको तथ्यांकअनुसार विश्वभर एक लाख चार हजारभन्दा बढी संग्रहालय सञ्चालनमा छन्। नेपालमा भने करिब एक हजार संग्रहालय दर्ता भएको अनुमान गरिएको छ। तर ती सबै संग्रहालय सञ्चालनमा आएका छैनन्। संख्यात्मक वृद्धिसँगै विश्वभर संग्रहालयको आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य प्रभावहरूसमेत फैलिँदै गएको छ। नेपालमा भने अझै पनि संग्रहालयप्रतिको बुझाइ र अभ्यास परम्परागत शैलीकै देखिन्छ।

वि.सं. २००७ सालमा प्रजातन्त्र आएपछि सम्पदा, संस्कृति र इतिहासको संरक्षण गर्नु राज्यको दायित्व हो भन्ने कुरा २००७ सालको संविधानमा उल्लेख गरियो र त्यसपछि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन ल्याई त्यसैलाई कानुनी आधार मान्दै विभिन्न संग्रहालयहरू निर्माणमा राज्यले अग्रसरता लियो। हाल सञ्चालनमा रहेका राष्ट्रिय काष्ठकला संग्रहालय, राष्ट्रिय मुद्रा संग्रहालय, राष्ट्रिय धातुकला संग्रहालय, हनुमानढोका संग्रहालय, पाटन संग्रहालय त्यसैको उपज हुन् भन्न सकिन्छ।

अहिलेको संविधानले संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारलाई संग्रहालय स्थापना र सञ्चालनको अधिकार दिइएको छ। तर संविधानले दिएको अधिकारलाई स्पष्ट पार्नेगरी संग्रहालय सम्बन्धमा संघीय कानुन बन्न नसक्दा संग्रहालयको सञ्चालन र व्यवस्थापनको बृहत्तर कानुनी आधार छैन। यद्यपि, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संग्रहालय सञ्चालनको अधिकार स्थानीय सरकारलाई दिएको छ। यही कानुनी आधारलाई टेकेर पछिल्लो समयमा स्थानीय तहमा संग्रहालय खुल्ने क्रम पनि बढेको छ तर संग्रहालयको स्थापना र सञ्चालनका लागि अनिवार्यरूपमा सुनिश्चित गर्नुपर्ने आधार भूत मापदण्ड नहुँदा र संग्रहालयको दर्ता तथा अनुगमन गर्ने विशिष्ट निकाय नहुँदा नयाँ खुलेका संग्रहालय व्यवस्थित बन्न सकेको देखिँदैन।

संग्रहालय दर्ता र सञ्चालनको क्रमसमेत बढेता पनि यसको संख्यासमेत कति छ भन्नेबारेको यकीन आँकडा छैन। संग्रहालयहरू जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिस्ट्रार कार्यालय, स्थानीय सरकारलगायतका विभिन्न निकायमा दर्ता भएका कारण एकै ठाउँमा यिनीहरूको आँकडा पाउन कठिन छ तर पनि सरकारी क्षेत्रसँगै समुदाय, विश्वविद्यालय, धार्मिक संस्थाहरू, निजी क्षेत्र र गैरसरकारी क्षेत्रबाटसमेत संग्रहालय सञ्चालन गर्ने क्रम बढेकाले यसप्रति धेरैको चासो बढेको संकेत गर्दछ। राष्ट्रिय समाचार समिति (रासस)ले पनि गत वर्ष मिडिया संग्रहालयको स्थापना गरी नेपाली सञ्चार क्षेत्रमा अध्ययन अनुसन्धानको नयाँ ढोका खोलेको छ। यसैगरी अन्य विषयगत एवं क्षेत्रगत संग्रहालयहरूको पनि स्थापना हुँदै जाँदा सम्बन्धित विषय वा क्षेत्रको मात्र नभई समग्र राष्ट्रकै गहना बढ्न जाने हुन्छ।

अन्तर्राष्ट्रिय संग्रहालय परिषद् (आइकम) को नेपाल च्याप्टर आइकम नेपालका अनुसार नेपालमा साना ठूला गरी करिब एक हजार संग्रहालय दर्ता भएको अनुमान गरिएको छ भने वार्षिकरूपमा करिब ३० लाख मानिसले संग्रहालय भ्रमण गर्ने गरेको अनुमानित आँकडा छ। संग्रहालय खुल्ने क्रम बढेसँगै करोडौंको लगानी भइरहेको छ भने सयौंले रोजगारी पनि पाएका छन्। उदाहरणका लागि, दाङ जिल्लाको दंगीशरण गाउँपालिकामा सामुदायिकस्तरबाट सञ्चालित थारू संग्रहालयले १४ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ।

### स्पष्ट संवैधानिक व्यवस्था, अस्पष्ट कानुन

नेपालको संविधान २०७२ ले संस्कृति र सम्पदालाई राज्यको नीतिगत प्राथमिकतामा राख्दै धारा ५१ मा संस्कृति, सम्पदा, सभ्यता, भाषा र विविधताको संरक्षण र प्रवर्द्धनमा राज्यको भूमिका स्पष्ट उल्लेख गरेको छ। त्यसैगरी, धारा ३२ ले मौलिक हकको रूपमा प्रत्येक नागरिक र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। सरकारी, निजी र सामुदायिक सबै क्षेत्रबाट खुलेका संग्रहालयहरूले संविधानले उल्लेख गरेको संस्कृति, सम्पदासम्बन्धी राज्यको दायित्व र नागरिकको मौलिक हक कार्यान्वयनमा महत्त्वपूर्ण योगदान गरेको देखिन्छ।

यी संग्रहालयहरू नेपाली समाज, इतिहास, सभ्यता र संस्कृतिका संरक्षकमात्र नभई शिक्षा र पर्यटनका महत्त्वपूर्ण केन्द्रका रूपमा पनि विस्तारित भएका छन्। तर यति महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका संग्रहालयको दर्ता, सञ्चालन, अभिलेखीकरण र नियमनका लागि कुनै विशिष्ट कानुन र निकाय नहुनुले यस क्षेत्रमा राज्यको कमजोर अवस्थालाई चित्रण गर्दछ।

नेपालको राष्ट्रिय संस्कृति नीति २०६७ ले संग्रहालयलाई बहुआयामिक ढंगले विकास गर्ने लक्ष्य उल्लेख गर्दै विशिष्ट संग्रहालय ऐन निर्माण गर्ने कुरा उल्लेख गरेको छ। तर नीति बनेको १५ वर्ष बितिसक्दा पनि संग्रहालयसम्बन्धीको कानुन बन्न सकेको छैन। यसको अभावमा नेपालको इतिहास, संस्कृति, सम्पदा र राष्ट्रिय गौरव र चिनारी विश्वमा फैलाउने तथा आम्दानीको रूपमासमेत विकास गर्ने अवसर नेपालले गुमाइरहेको छ। युनेस्कोले संग्रहालयलाई सिर्जनशील अर्थतन्त्रको महत्त्वपूर्ण धरोहर मानेको छ। नेपालले पनि आर्थिक लाभको सम्भावनालाई कानुन, संस्थागत संरचना, अनुगमन, सहजीकरण र तथा मापदण्ड बनाई व्यवस्थापन गरी सिर्जनशील अर्थतन्त्रको बलियो खम्बाका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

### अबको बाटो

संग्रहालय स्थायी र सार्वजनिक संस्था भएकाले यसका केही विश्वव्यापी मान्यताहरू छन्। ती मान्यतालाई समेत ख्याल गर्दै हाम्रा सबै संग्रहालयको उद्देश्य, प्रकार, जनशक्ति, लगानी, भवन डिजाइन, सुरक्षा, आगन्तुकलगायतका आधार भूत कुराको स्पष्ट भई यी विश्वव्यापी मान्यता सुनिश्चित गर्नु अनिवार्य हुन्छ। तर अहिले स्थापना भएका अधिकांश संग्रहालयले न्यूनतम मान्यता पूरा गरेको देखिँदैन न त त्यसको आधार तोक्ने र परीक्षण गर्ने निकाय नै छ। यही कारण नयाँ संग्रहालयहरू कुनै मापदण्डलाई आधार मानेर भन्दा पनि आफ्नो अनुकूलतानुसार खुलेका छन्। कतिपयले ग्यालरीलाई पनि संग्रहालय भनिरहेका छन्। जबसम्म संग्रहालयसम्बन्धी कानुनमार्फत संग्रहालय स्थापना, सञ्चालन, सुरक्षालगायतका आधारभूत पक्षलाई राष्ट्रिय मापदण्डबाट निर्दिष्ट गरिँदैन, तबसम्म संग्रहालयको समस्या र अन्योलता बढेर जाने छ।

यदि अहिले नै संग्रहालयका लागि संविधान र संस्कृति नीतिले परिकल्पना गरेबमोजिमको कानुन निर्माण गरी त्यसको मापदण्डसमेत बनाउन आवश्यक छ। सोही मापदण्डका आधारमा संग्रहालयको अनुगमन र सहजीकरणसमेत गर्नका लागि एक विशिष्ट निकाय आवश्यक पर्छ। त्यस निकायले मापदण्ड अनुपालनको सुनिश्चित गर्न अनुगमन गर्ने, अनुमति दिने र साना तथा स्थानीय संग्रहालयहरूलाई आर्थिक लगानी गर्ने कोषसमेत निर्माण गरेमा संग्रहालयलाई व्यवस्थित गर्न सकिन्छ। यो कार्य जति ढिला हुन्छ, संग्रहालय क्षेत्रमा त्यति नै समस्या थपिँदै जाने छ।

संग्रहालयलाई अन्योलतातर्फ जानबाट रोक्न र यसको सम्भावनाबाट अधिकतम लाभ लिन नयाँ राष्ट्रिय संग्रहालय नीति, संघीय संग्रहालय ऐन र संस्थागत संरचना आवश्यक छ। यसो गर्न सकेमा संग्रहालयलाई इतिहास, संस्कृति, सम्पदाको विकास केन्द्रसँगै दिगो विकास र सामाजिक रूपान्तरणको आधार बनाउन सकिने छ। *रासस*

***(लेखक अन्तर्राष्ट्रिय संग्रहालय परिषद् राष्ट्रिय समिति नेपालका कोषाध्यक्ष हुन्)***

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ। अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ। विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ। अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ। वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन्। आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ। अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन। कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन्। यसमा सचेतता अपनाउन जरुरी छ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ। त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ। केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ। यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ। यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ। पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ। यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ। त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन। यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ। त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ।




✍ बैकुण्ठ भण्डारी



## बाऽऽ छाडेकोऽऽ लेनऽऽ

कालो चश्मा। कालो कोट, कालै टोपी अनि झुस्स परेको दारी। मौनतामा अल्झिएरहेको साढे तीन वर्ष। एकले अर्कोलाई हिलो छ्याप्ने हिले फागु हरेक दिन, हरेक महिना। व्यक्तिगत प्रतिशोधको राजनीति। काले कान्छो भन्दै थियो, 'एक एक भ्रष्टहरूलाई थाङनामा सुताउनु छ।'

उता चाउरिएका गाला पनि रवरले तन्काएजस्तो। उमेर चार-बीस छुने बेलामा पनि चौबिसे जोश निकालेर 'म भ्रष्टाचार गर्दिनँ, म भ्रष्टाचार हुन दिन्नँ' भन्दै नारा घन्काउने हजुरबा !

हजुरबा र नाति दुवै मार्ग बिराएका। हजुरबाको दैत्य कथामा रमाउने छोरा नातिहरू। अनि नाति केटोको काल्पनिक दृश्यमा हाइहाइ गर्ने युवाहरू। तराजुमा जोख्दा सायद बराबर !

'मुखमा राम राम, बगलीमा छुरा' भनेजस्तै। सत्ता र शक्तिका लागि दाउपेच हानिरहने। कसैले सिंहदरबार देखिनेगरी जलाए। कसैले नदेखिनेगरी भित्रभित्रै खरानी बनाए। भुसको आगोजस्तै भित्रभित्रै सल्किरहेको आगोमा पेट्रोल खन्याएर दनदनी जलाइदिए।

एकले अर्कोलाई प्रतिशोध साँधेर बनाउन खोजेको नीतिले न मार्ग पहिल्याउन सक्छ, न त गन्तव्यमा नै पुग्न ! बा पुस्ता वा हजुरबा पुस्ताले जोगाएको घरलाई खरानी बनाएर पक्की बनाउँछु भन्न त पाइएला तर छिमेकीले फलाम किनिदिन्छु भनेकै भरमा आगो झोसेपछि न त घर नै रहन्छ। न त छिमेकीले फलाम नै किनिदिन्छ। ऊ त केवल १० औंलाले तालीमात्र बजाउँछ।

हाम्रा 'बा'हरूले लेन छाडेर गलत लेनमा हिँड्दा घरका भित्ताभित्ता चर्किएका छन्। भत्किएका छन् अनि दलिनहरू मक्किएका छन्। छिमेकीले सालको काठ भन्दै सल्लाको काठ भिडाउँदा पनि नातिहरू त्यसमा नै रमाइरहेका छन् वा सालको काठ भन्दै उफ्रिरहेका छन्।

हुन त कमलको फूललाई फालेर कागजको फूलबाट सुगन्ध लिनेहरूसँग न त घरको जग नै थाहा होला न भित्ता र थाम, दलिनहरूले नै चिन्न सक्लान् ? केवल बाहिरी आवरणमा झकिझकाउमा रमाउँदा सबै खरानी भइसक्ने छ।

अहिले बाले पनि लेन छाडिसके। लेन समाउँछु भन्नेले पनि लेन भत्काइसके। भत्किएको लेन बनाउन निकै नै कठिन हुने छ। दुवै लेन छाडेका हजुरबा र नातिहरू सञ्जालमामात्र कुर्लिरहेका छन्। फागुनमा लेन जोड्ने बहानामा। व्यक्तिगत प्रतिशोधमा रमाइरहेका छन्। तँ ठूलो कि म ठूलो ?

तँ ठूलो कि म ठूलो भन्ने अहम्ताले दुवैलाई क्रमशः ओरालो लगाइरहेको छ। पछाडि लस्कर हेर्दा दुवैले आफूलाई जंगलको शेर ठानिरहेकै छन्।

पुस्तान्तरण होला लेनहरू ! परिवर्तन होलान् हजुरबा र बाहरू। अनि कागजको फूलमा सुगन्ध खोजेर समय बर्बाद गर्न छाड्लान् छोरा नातिहरू ? सायद यी तीनै पुस्ताले त्यसो नगर्लान्। उही दम्भ, उही शैली, उही आक्रोश अनि उही प्रतिशोधले के परिवर्तन ल्याउँला र ?

आफूले गरेको सबै राम्रो अरुले गरेको सबै खराब भन्ने नीतिले राजनीति सफल होला र ? मध्यरातमा मदुरो काकाका दम्पतीलाई ओछ्यानबाट नै अपहरण गर्नेले प्रजातान्त्रिक अभ्यास गरेजस्तै त होला नि होइन र ?

उता बा पनि शासक छाडेको लेन पनि शासक। जंगलमा बसेका दुवै शासकले आफूलाई सिंह सम्झेपछि कुनै बेला त्यहाँका सानातिना जनावरले पनि कुहुकुहु गर्दै नक्कली कोइलीको आवाजले बहकाउन पनि सक्छ।

प्रतिशोध साँध्नेले कसरी घर बनाउला र ? घरको भित्ता नै नचिनेकाले छिमेको पक्की घर हेरर रमाउनुको के अर्थ छ र ? यदि घर नै बनाउने हो भने भत्किएको घर टाल्ने नै हो भने अंशियारले प्रतिशोध गरेर होइन मिलेर मात्र घर बनाउन सक्छ। मार्ग छाडेर हिँड्नेले त बाटो बिराउँछ बिराउँछ।

बाटो बिराउनेमात्र होइन न त गन्तव्यमा पुग्न सक्छ, न त घर नै जोगाउन सक्छ। आफूले रोपेको कमलको फूलबाट जुन सुगन्ध प्राप्त गर्न सकिन्छ। त्यही सुगन्ध अर्काले बनाइदिएको कागजी गुलाफको फूलबाट पाउन सकिँदैन।

अहिले बाऽ अनि छाडेर गएका लेनऽहरू त्यही कागजी गुलाफको फूलमा रमाउने कोसिस गरिरहेका छन्। सायद त्यसबाट सुगन्ध कुनै हालतमा पनि आउँदैन। त्यही सुगन्ध नआउने फूलमा रमाउनका लागि बाऽ हुर्काएका अनि काँखी च्यापेकाहरू पनि लेन छाडेर भित्तातिर पुगेका छन्।

आँगनमा हुर्किएकाहरू डिलतिर हुत्तिएका छन्। घर कुरुवाहरू पनि घरको भित्ताको सुरक्षा र आँगनको डिलैको कमलको सुगन्धित फूलको बोट फाँडेर पल्लाघरतिर कागजको गुलाफको फूल मागिरहेका छन्।

कसले पो छाडेन र लेन ? हजुरबाले छाडे, बाले छाडे, छोराले छाडे अनि नातिले किन सम्हाल्नुपर्थ्यो र ? नातिले पनि छाडे।

नीति र विधि नै मरिसकेपछि इमान्दारिताको स्वतः मृत्युमा पुगिसकेको हुन्छ नि ! जसजसले विचार र ज्ञानलाई तिलाञ्जली दिएर पद, शक्ति र स्वार्थका लागि बाटो बिराएका छन्, लेन छाडेका छन्। पक्कै पनि ती लेनहरूमा नै उनीहरू फेरि घिसार्रिँदै आउने छन्।

भदौरे झरीजस्तै बलिन्द्र आँसु भित्रभित्रै चुहाउनुपर्ने छ। पुस माघको पारिलो घाम बन्न नसक्दा त्यही पुस माघ महिनाको तुसारोले तिनका कागजले बनेका अनि त्यही कागजमा सुगन्ध खोजिरहेका गुलाफका फूलहरू ओसिने छन्। जनजनबाट पाएको माया अनि विश्वासलाई धोका दिएर कागजको गुलावको सुगन्ध खोज्न आफ्नो विचारको लेन छाड्नेहरूलाई पक्कै पनि त्यही विचार र कागजको गुलावी फूलहरूबाट नै पुग्ने सजाय पाउलान्।

व्यक्तिगत स्वार्थका लागि माटो बेच्नेहरू विचार मार्ने अनि जन्मभूमिमा विदेशीहरूलाई परेड खेलाएर आफ्नै घर जलाउने, भित्ता भत्काउँदै आफ्नो लेन छाड्ने बाहरू हुन् कि लेनहरू हुन्। सबै लेण्डुपकै रूप हुन्। सबैलाई चेतना भया।

केटाकेटी आए गुलेली खेलाए, मटचङ्ग्रा सत्यानाश !!



**निर्वाचन प्रहरी भर्ना तयारी** | आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरीको सदरमुकामस्थित रंगशालामा निर्वाचन प्रहरी भर्नाका लागि तयारी गरिँदै । *तस्बिरः रासस*

# ६२ करोडको लागतमा सुविधासम्पन्न भक्तपुर अस्पताल भवन बन्दै



**भक्तपुर–** बागमती प्रदेश सरकारको सहयोगमा भक्तपुर अस्पतालपरिसरमा आधुनिक एवं सुविधासम्पन्न नयाँ भवन बन्ने भएको छ । भक्तपुर अस्पताल स्थापना भएको १२१ वर्षपछि प्रदेश सरकारबाट प्राप्त हुने ६२ करोड रूपैयाँको लागानीमा नयाँ भवन बन्न लागेको हो ।

सेवा प्रवाहका हिसावले विगत तीन वर्षदेखि प्रदेशस्तरमा उत्कृष्ट बन्न सफल सो अस्पतालको नयाँ भवन निर्माण भएपछि विशेषगरी काठमाडौं उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोकसहित पूर्वका जनतालाई राहत मिल्ने बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले जानकारी दिए ।

स्वास्थ्यमन्त्री थापाले भने, 'बागमती प्रदेश सरकारको प्राथमिकतामा रहेको भक्तपुर अस्पतालको भवन निर्माणको काम सुनिश्चित भएको छ । भक्तपुर अस्पताललाई बागमती प्रदेशकै नमूना अस्पताल बनाउने उद्देश्यले मिहेनतका साथ बजेट सुनिश्चित गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत पारित गरेका छौं, अब गुणस्तरमा सम्झौता नगरी तोकिएको समयभित्रै नयाँ भवन निर्माण गर्नेतर्फ हामी सबैको ध्यान जान आवश्यक छ ।'

उनले अस्पतालको नयाँ भवन वातावरण एवं प्रविधिमैत्री, भूकम्प प्रतिरोधी ढाँचामा अन्तर्राष्ट्रिय मापदण्डअनुसार भक्तपुरको पुरानो एवं परम्परागत शैलीमा भवन निर्माण गरिने छ । बिरामी र सेवाग्राहीलाई सहज हुनेगरी अस्पतालको नयाँ भवनमा प्रतीक्षालय, अपांगतामैत्री संरचना, लिफ्ट, पार्किङ तथा हरित क्षेत्रकोसमेत व्यवस्था गरिने भएको जानकारी दिँदै उनले भवन निर्माणसँगै अस्पतालमा मुटु तथा न्युरोसम्बन्धी विशेषज्ञ सेवासमेत विस्तार गरिने योजना रहेको बताए ।

प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले सेवाग्राहीको चापसहित गुणस्तरीय सेवा प्रदान गर्दै आएको बागमती प्रदेशस्थित भक्तपुर अस्पतालको भवन पुरानो भएकाले सुविधासम्पन्न नयाँ बनाउन लागेको बताए । उनले भवन निर्माण प्रक्रियामा पारदर्शिता, गुणस्तर र जवाफदेहितामा कुनै सम्झौता नहुने स्पष्ट गरे ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयकी सचिव डा. सुमित्रा गौतमले नयाँ निर्माण हुने प्रदेश अस्पताल भवनमा अत्याधुनिक एवं आकस्मिक, आइसियू र एनआइसियू कक्ष, प्रसूति तथा स्त्रीरोग विभाग, सर्जरी ब्लक, आधुनिक प्रयोगशाला, डिजिटल एक्स-रे, सिटी स्क्यान, एमआरआई, मुटु तथा न्युरो सेवा सञ्चालन हुने जानकारी दिए ।

स्वास्थ्यसचिव डा. गौतमले भने, 'अस्पतालको डिपिआरअनुसार निर्माण कार्य चरणबद्धरूपमा अघि बढाइने छ, निर्धारित समयभित्रै भवन निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । स्थानीय जनप्रतिनिधि, अस्पताल व्यवस्थापन समिति र स्वास्थ्यकर्मीले यस योजनालाई ऐतिहासिक उपलब्धिका रूपमा लिँदै नयाँ भवन निर्माणपछि भक्तपुर अस्पताल प्रदेशकै प्रमुख 'रेफरल' अस्पतालको रूपमा स्थापित हुने विश्वास लिएका छौं ।'

अस्पतालका कार्यकारी निर्देशक डा. सुरेन्द्र भट्टले बागमती प्रदेशका मन्त्री तथा सचिव सम्मिलित उच्चस्तरीय पदाधिारीहरूसँग भवनको वास्तुकलात्मक डिजाइन, सेवा विस्तारको खाका, लागत व्यवस्थापन, निर्माण प्रक्रिया र समयसीमालगायतका विषयवस्तुबारे छलफल भएको जानकारी दिए । डा. भट्टले नयाँ जमिन नभएपछि अस्पतालको हाल प्रशासन र अन्तरंग सेवा सञ्चालन भइरहेको पुरानो भवन र भवनसँगै रहेको जग्गामा नयाँ भवन निर्माण गर्न लागेको बताए । *रासस*

# निर्वाचन आचारसहिंता पालना गर्ने सर्वपक्षीय प्रतिबद्धता

**गण्डकी–** कास्कीका राजनीतिक दल, उम्मेदवार, पत्रकारलगायतले निर्वाचन आचारसहिंता पालना गर्ने प्रतिबद्धता जनाएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले सोमबार आयोजना गरेको निर्वाचन आचारसंहितासम्बन्धी सर्वदलीय/सर्वपक्षीय बैठकमा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नुपर्नेमा जोड दिइएको हो ।

नेपाली कांग्रेस कास्कीका सचिव देवेन्द्र रानाभाटले स्वतन्त्र र निष्पक्ष ढंगले निर्वाचन सफल पार्नु सबैको दायित्व भएको बताए । आचारसंहिता पालनामा मुख्य गरी राजनीतिक दल र उम्मेदवारहरू बढी जिम्मेवार हुनुपर्ने उनको भनाइ छ । नेकपा एमाले कास्कीका उपाध्यक्ष भेषराज बरालले उम्मेदवारले भयरहित वातवरणमा आफूले चाहेको राजनीतिक दल र उम्मेदवारलाई मतदान गर्न पाउने वातावरण सिर्जना गर्नुपर्ने बताए ।

नेपाली कम्युनिस्ट पार्टी कास्कीका संयोजक विश्वप्रकाश लामिछाने आचारसंहिता पालनामा विगतका निर्वाचनमा भएका कमजोरीबाट पाठ सिक्नुपर्ने बताए । संसदीय पत्रकार मञ्च गण्डकीका पूर्वअध्यक्ष भरत कोइरालाले विगतका उदाहरणबाट राजनीतिक दल र सञ्चारमाध्यमबाटै आचारसंहिता उल्लंघनका घटना बढी हुने गरेको पाइएको बताए । उनले पत्रकारलाई निर्वाचनसम्बन्धी समाचार संकलनमा सहज पहुँच दिनुपर्ने बताए ।

कास्कीकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले निर्वाचन सफल पार्न सबै पक्षको उत्तिकै महत्त्वपूर्ण भूमिका हुने बताइन् । निर्वाचनलाई लक्ष्य गरी जिल्लाको सुरक्षा व्यवस्था चुस्त पारिएको उनको भनाइ छ । तीनै तहका सुरक्षा निकाय सम्मिलित सुरक्षा रणनीति तयार गरी कार्यान्वयनमा गइसकेको प्रजिअ शर्माले बताइन् । उनका अनुसार जिल्लामा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका गरी झण्डै दुई हजार सुरक्षाकर्मी परिचालन हुने छन् । दुई हजार ३०३ जना निर्वाचन प्रहरी खटिने छन् ।

मुख्य निर्वाचन अधिकृत हिमलाल वेलवासेले निर्वाचन आचारसंहिता पालना भए/नभएको विषयमा प्रभावकारी अनुगमन गरिने बताए । 'आचारसंहिता आफैंमा कानुनी दस्तावेज त होइन, तर यसको उल्लंघन हुँदा कानुन आकर्षित हुन्छ,' उनले भने, 'आचारसंहिता उल्लंघनका घटनामा उम्मेदवारको मनोनयन नै रद्दसमेत हुन सक्ने अवस्था आउन सक्छ ।' मुख्य निर्वाचन अधिकृत वेलवासेले सबैको लक्ष्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नु रहेको बताए ।

सहायक निर्वाचन अधिकृत राजन खनालले मंगलबार हुने उम्मेदवार मनोनयनको तयारी पूरा भएको बताए । उनले एकै पटकमा भीडभाड हुन नदिन राजनीतिक दलहरूलाई आलोपालो गरेर मनोनयन दर्ताका लागि समय व्यवस्थापन गरिएको बताए । कास्की-१ को रामघाट, कास्की-२ को डयामसाइट र कास्की-३ को मालेपाटनमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा मनोनयन दर्ता गरिने सहायक निर्वाचन अधिकृत खनालले बताए ।

कार्यक्रममा प्रदेश निर्वाचन अधिकारी नारायण ढकालले निर्वाचन आचारसंहिता-२०८२ का विषयमा प्रस्तुतीकरण राखेका थिए । उनले आचारसंहिता उल्लंघन गर्ने राजनीतिक दल, उम्मेदवारलगायत जो कोहीलाई स्पष्टीकरण सोध्नेदेखि कारबाहीसम्मको कानुनी व्यवस्था रहेको बताए ।

'आचारसंहिताविपरीत मिथ्यापूर्ण सूचना सम्प्रेषण गर्ने, दुष्प्रचार गर्ने, र द्वेषपूर्ण अभिव्यक्ति दिनेलाई एक लाख रूपैयाँसम्मको जरिवानासहित कानुनी कारबाही हुन्छ,' उनले भने, 'आचारसंहिता पालनाका सन्दर्भमा प्रभावकारी अनुगमन र निगरानी हुन्छ ।' *रासस*

# माघ २० गतेभित्र हातहतियार बुझाउन निर्देशन

**पर्वत (प्रस)–** जिल्ला प्रशासन कार्यालय पर्वतले यही माघ २० गतेभित्र इजाजत प्राप्त हातहतियार बुझाउन आग्रह गरेको छ । आसन्न फागुन २१ को प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय पर्वतले सूचना जारी गरेर माघ २० गतेभित्र बुझाउन अनुरोध गरेको हो ।

द्वन्द्व व्यवस्थापनपछि गाउँ-गाउँमा रहेका अवैध हतियारलाई वैधानिकता दिन जिल्ला प्रशासन कार्यालय पर्वतले विभिन्न प्रकृतिका ७५ थान हतियारलाई कानुनी दायरामा ल्याएर दर्ता गराएको छ । आगामी निर्वाचनको मिति घोषणा भएको र उक्त निर्वाचनलाई लक्षित गर्दै इजाजत प्राप्त गरेका हातहतियार बुझाउन आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलले बताए ।

उनका अनुसार इजाजत प्राप्त हातहतियारहरू निर्वाचन सम्पन्न भएको एक महिना पश्चात् उनहरूलाई नै फिर्ता गर्नेगरी हातहतियार धनीहरूलाई नजिकको प्रहरी इकाइमा बुझाउन अनुरोध गरिएको हो ।

जिल्ला प्रशासन कार्यालयले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ८ बमोजिम जिल्लामा विभिन्न व्यक्तिहरूसँग रहेका इजाजतपत्र प्राप्त हातहतियारहरू माघ २० गतेभित्र स्थानीय प्रहरी कार्यालयहरूमा अनिवार्यरूपमा बुझाउन आग्रह गरेको उनको भनाइ छ ।

हातहतियार दर्ता गराएर हरेक वर्ष नवीकरण गर्नुपर्ने प्रावधान रहे पनि जिल्ला प्रशासन कार्यालय पर्वतमा नवीकरणको यथेष्ट तथ्यांक भने छैन । नवीकरण गर्दा जुनसुकै जिल्लाबाट पनि गर्न सकिने भएकाले नवीकरणको विवरण अद्यावधिक हुन नसकेको कार्यालयले जनाएको छ । समयमै हातहतियार नबुझाउनेहरूलाई खोजतलास गरी कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउने चेतावनी पनि प्रशासनले दिएको छ ।

# मनाङमा सात हजार मतदाता

**मनाङ (प्रस)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको तयारी तीव्र भइरहेको छ । उक्त निर्वाचनमा मनाङमा सात हजार मतदाताले मतदान गर्ने भएका छन् ।

२०७९ मंसिर ४ गते भएको प्रतिनिधिसभा निर्वाचनमा छ हजार ७७९ मतदाता रहेका थिए । प्रमुख निर्वाचन अधिकारी जीवन कुँवरका अनुसार आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनमा महिला तीन हजार ६२३ र पुरुष तीन हजार ३७७ मतदाताले २९ मतदान केन्द्रमा मतदान गर्ने छन् । सुरक्षा र मतदातालाई सहज बनाउन कारागारमा एउटा मतदान केन्द्र थप भएको छ ।

नासौं गाउँपालिकामा नौ, चामेमा एक अस्थायीसमेत गरी छ, नार्पाभूमिमा पाँच र मनाङ डिस्याङमा नौ मतदान केन्द्र रहेका निर्वाचन अधिकारी कुँवरले बताए । भौगोलिक दृष्टिले मनाङमा निर्वाचन जोखिमपूर्ण रहेको छ । यस समयमा पनि हिमपात हुनसक्ने र विकटतालाई मध्यनजर गरी सुरक्षा व्यवस्थापनको कार्य भइरहेको प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समितिका संयोजक नवराज पौडयालले जानकारी दिए । 'सडकसमेत नपुगेको र भौगोलिक विकटता रहेको नार्पाभूमिमा जोखिम छ । निर्वाचनको तयारी भने भइरहेको छ,' उनले भने ।

भौगोलिकरूपमा विकट, मौसमका हिसाबले संवेदनशील र पूर्वाधारको दृष्टिले चुनौतीपूर्ण मानिने यस जिल्लामा निर्वाचन सम्पन्न गर्नु आफैंमा एउटा ठूलो व्यवस्थापकीय काम हो । त्यसैले निर्वाचन आयोग, जिल्ला प्रशासन, सुरक्षा निकाय र स्थानीय तहबीच आवश्यक समन्वय गर्दै निर्वाचनको तयारीलाई प्राथमिकतामा राखिएको छ ।


**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**डडेल्धुरा अस्पताल, डडेल्धुरा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८२/१०/०६ गते)**

यस कार्यालयको मिति २०८२/०७/१७ गतेमा प्रकाशित सूचना वमोजिम Fully Automatic Newborn Screening Analyzer With DBS आपूर्ति गर्ने कार्यका लागि पेश भएका बोलपत्रहरूमध्येबाट तपसिलमा उल्लेखित बोलपत्र दाताको बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको हुँदा, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | विवरण | फर्मको नाम र ठेगाना | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| MoHP/DH/GOODS/NCB/03/2082-83 | Supply, Delivery, Installation, and Commissioning of Fully Automatic Newborn Screening Analyzer With DBS | Aayush Surgichem Dhangadhi, Kailali. | ९३,८०,०००.०० |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट**



**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**सघन शहरी तथा भवन निर्माण आयोजना, बैतडी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/१०/०६**

सघन शहरी तथा भवन निर्माण आयोजना, डोटीबाट मिति २०८२/०५/१९ गते सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम | कबोल अंक र मुद्रा रू (पि.एस र मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | PUDBC/DOTI/WORKS/NCB/01-2082/083 | Construction of Building of Patan Multiple Campus, Patan-06, Baitadi | Jenisha-Bibek JV, Dadeldhura | २,१२,८७,९७७.१७ |
| २ | PUDBC/DOTI/WORKS/NCB/02-2082/083 | Construction of Building of Bhutnath Dharmasala, Shivanath Municipality-06, Baitadi | Panchkoshi-Krish-Bhumiraj JV, Baitadi | २,०२,१७,९२१.५९ |
| ३ | PUDBC/DOTI/WORKS/NCB/07-2082/083 | Construction of Bhagwati Ma.Vi. Pokhari Building Construction & fencing works , Bithadchir Rural Municipality-06, Bajhang | Lokmani-Birat Kalimai-Kalika JV, Bajhang | १,९३,३७,६३७.३८ |

**Invitation for Bids (IFB)**

**Date of Publication : 2082-10-06 (20th Jan 2026 )**

Project office of Urban Development and Building Construction (PUDBC), Baitadi invites electronic bids for the following works under NCB Procedure. For more details, bidders may visit the e-GP system www.bolpatra.gov.np/egp

| S.N | Contract ID | Description of Works | Bid Security Amount | Bid Fee |
|---|---|---|---|---|
| 1 | PUDBC/BAITADI/WORKS/NCB/1-082/083 | Mahadev Ma.Bi. Athapali Building Construction & Fencing Works, Bungal Municipality.7, Bajhang | 700000 | 5000 |




## चन्द्र जयपालको शब्दमा 'उधौली र उभौली' सार्वजनिक

गायिका मेनुका राई र गायक राई नबिनको संयुक्त स्वरमा तयार गरिएको नयाँ गीत सार्वजनिक गरिएको छ । चन्द्र जयपाल राईको शब्द र राई नबिनकै संगीतमा तयार भएको यस गीतले श्रोतामाझ फरक स्वाद दिने अपेक्षा गरिएको छ । गीतको व्यवस्थापन, मिक्सिङ तथा मास्टरिङको जिम्मेवारी अनुभवी प्राविधिक राजु कार्कीले सम्हालेका छन् । 'स्टुडियो किङ'मा रेकर्ड गरिएको यस गीतको रेकर्डिङ सुरेश पायल राईले गरेका हुन् । गीतको निर्माता बिना राई रहेकी छिन् । संगीतसँगै भिडियो पक्ष पनि सशक्त बनाइएको छ ।



# बल्छी ध्रुवे र पुकु हल-हलमा



**काठमाडौं (प्रस)–** माघ १ गतेबाट प्रदर्शनमा आएको फिल्म हो 'गोबर गणेश' । फिल्मले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । फिल्मको वर्ड अफ माउथ राम्रो भएपछि निर्माण टिम दर्शक प्रतिक्रिया लिन हल हलमा पुगिरहेका छन् ।

फिल्मका निर्देशक कलाकार मरिचमान श्रेष्ठ 'बल्छी धुर्बे', अभिनेत्री पूजन घिमिरे, वर्षा शिवाकोटी लगायतका कलाकार हलमा पुगेर दर्शक प्रतिक्रिया लिइरहेका छन् । उनीहरूले उपत्यकाको अष्टनाराय हल, ललितपुरको लबिङ महल र बिग सिनेमा लगायतमा पुगेर फिल्मको बारेमा प्रतिक्रिया दिएका हुन् ।

शो क्रममा दर्शकले फिल्मको कथा आफ्नो जस्तै लागेको बताएका निर्देशक श्रेष्ठले जानकारी दिए । 'हाम्रो आफ्नै घरको कथा फिल्ममा पाएको भनेर दर्शक खुसी मानेका छन्', श्रेष्ठले भने 'रिलिज अगाडि निकै डर थियो । अहिले दर्शकको प्रतिक्रियाले थप काम गर्न हौसला मिलेको छ ।'

अभिनेत्री पुजन घिमिरेले दर्शकबाट नसोचेको साथ पाउँदा उत्साहित भएको बताइन् । 'मलाई त ठुलो पर्दाको बारेमा धेरै ज्ञान थिए', उनले भनिन् 'ठुलो पर्दामा छाउँदा बेग्लै किसिमको सन्तुष्टि मिल्दो रहेछ ।'

बल्छी ध्रुवे फिल्मसको प्रस्तुतिमा निर्माण भएको फिल्ममा बल्छी ध्रुर्बे र जसजनको अलवा वर्षा शिवाकोटी, विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमल्सेना, सन्तोष बानिया, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछानेलगायतको अभिनय छ ।

# थाइल्याण्डको 'आइएम मोडल सर्च'मा जोसेफलाई शीर्ष उपाधि



**काठमाडौं (प्रस)–** थाइल्यान्डको कोरातमा आयोजित अन्तर्राष्ट्रिय बालबालिका सम्बन्धी मोडलिङ प्रतियोगिता 'आई. एम. मोडल सर्च'मा नेपाली बालक जोसेफ राईले शीर्ष उपाधि जित्न सफल भएका छन् । उनले जुनियर क्लब तर्फको शीर्ष उपाधि सहित 'द मोष्ट प्रोमिसिङ मोडल' र 'बेष्ट इन गोसिज'को सबटाइटल समेत जित्न सफल रहे । उनीसँगै प्रतियोगीतामा सहभागी मनस्वी बस्नेतले भने 'द मोष्ट प्रोमिसिङ मोडल'को सबटाइल हात पारिन् ।

जनवरी १३ देखि १८ तारिखसम्म ६ दिने चलेको प्रतियोगीतामा १८ देखि २० देशका बालबालिकाहरूको सहभागिता रहने थियो । मनस्वी रेडियन्ट ईभेन्ट म्यानेजमेन्ट एजेन्सीले आयोजना गरेको नेपाली प्रतियोगीता 'मिलेनियम किड्स इन्टरनेशनल २०२६'की विजेता हुन्, भने जोसेफ 'किडी फेस अफ द इयर इन्टरनेशनल २०२५'का विजेता हुन् । प्रतियोगितामा बालबालिकासँगै अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजु पनि सहभागी भएका थिए ।

पर्यटन प्रवर्दन र मौलिक संस्कृतिलाई विशेष प्राथमिकता दिइएको प्रतियोगीतामा मनस्वीले नेपालको शेर्पा समुदायको प्रतिनिधित्व गर्ने भेषभुषा र संस्कृति प्रस्तुत गरेका थिए भने जोसेफले राई समुदायको मौलिक पोसाक र पहिचानलाई प्रदर्शन गरेका थिए ।

# १७ औं राष्ट्रिय बाल नाटक महोत्सव माघ २६ देखि




**काठमाडौं (प्रस)–** १७ औं 'राष्ट्रिय बाल नाटक महोत्सव २०८२' यही माघ २६ देखि काठमाडौंमा सुरु हुने भएको छ । कमलपोखरीस्थित रुसी सदनमा आयोजना हुने महोत्सव फागुन २ गतेसम्म चल्नेछ ।

शैली थिएटर, ओजस थिएटर र रुसी सदनको संयुक्त आयोजना रहेको महोत्सवका लागि ४१ वटा स्क्रिप्टबाट १७ वटा नाटक छनोट भएको महोत्सव निर्देशक नवराज बुढाथोकीले जानकारी दिए ।

छनौट भएका नाटकमा श्री महेन्द्र आदर्श मावि ललितपुरको 'हामी एकै हौं', मेधाश्री विद्यालय काठमाडौंको 'यशस्वी भवः', हामी दाजुभाइ संस्था ललितपुरको 'के यो माया हो ?', इन्टरनेसनल स्कुल धुम्बाराही, काठमाडौंको 'अब उठ्नु छ', काभ्रे इङ्लिस माध्यमिक विद्यालय पनौती काभ्रेको 'सपनाको पुल', स्प्रिङ हिल इङ्लिस बोर्डिङ स्कुल, काभ्रेको 'सुनको जुत्ता' र प्रगति प्रभात एकेडेमी काभ्रेको 'आमाको आशा' छन्

त्यसैगरी, विद्या सागर इङ्लिस बोर्डिङ स्कुल काभ्रेको 'फाटेको गोजी', ज्ञान ज्योति एजुकेसन फाउन्डेसन दाङको 'रगतले लेखिएको सपना', मृगशिरा वोर्ल्ड स्कुल काठमाडौंको 'सेतो जुत्ता', मेरी गोल्ड स्कुल, भक्तपुरको 'पार्वती', होली एन्जल्स पब्लिक स्कुल, काठमाडौंको 'फूलको थुङ्गा' पनि महोत्सवका लागि छनौट भएको छ ।

त्यस्तै, रिम्स स्कुल काठमाडौंको 'रातो पूल', रेड स्टार मावि मोरङको 'रात चिन्या भानु', मकालु मोरङ स्कुल मोरङको 'कमिला र फट्याङ्ग्रो', माउन्ट हर्मन चिल्ड्रेन मोरङको 'श्रवणकुमारको कथा', मादे स्कुल, काठमाडौंको 'लुकेको कथा' र गैंडाकोट इङ्लिस स्कुल गण्डकीको 'हजुरबा ! कथा सुनाउनुस् न !' रहेका छन् ।

## रंगशाला

### राष्ट्रिय लिग फुटबल

# मछिन्द्र, लालिगुँरास र एनआरटी विजयी



**काठमाडौं (प्रस)–** एन्फा राष्ट्रिय लिगमा सोमबार मछिन्द्र क्लब, लालिगुँरास एसोसिएसन क्लब र न्युरोड टिम (एनआरटी) आ-आफ्ना खेलमा विजयी भएका छन् । सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा सम्पन्न दिनको पहिलो खेलमा लालिगुँरासले नव जनजागृति क्लबमाथि ४-१ को सानदार जित हासिल गर्यो । लालिगुँरासको जितमा आशिष गुरुङले दुई तथा अब्दुल युसुफ र अकोएटे जुनियरले एक-एक गोल गरे । नव जनजागृतिका लागि उमेश सञ्जेलले गरेको गोल सान्त्वना बन्यो ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न दिनको दोस्रो खेलमा एनआरटीले सातदोबाटो युवा क्लबलाई ३-१ ले हरायो । एनआरटीका लागि फरवार्ड विज्ञान खड्काले दुई गोल गरे । त्यस्तै एक गोल टिमोथे एकिरिकेको नाममा रह्यो । दुई गोलले पछाडि परेको अवस्थामा फोडे फोफानाले एक गोल फर्काएका थिए ।

त्यस्तै मछिन्द्र क्लबले राष्ट्रिय लिग फुटबलमा सोमबार मनाङ मर्स्याङ्दी क्लबलाई २-१ ले पराजित गर्दै लगातार दोस्रो जित हात पारेको छ । मनाङ मर्स्याङ्दीको भने यो लगातार दोस्रो हार हो ।

मछिन्द्रले लालिगुराँस एसोसिएसन समान ६ अंक जोडेर दोस्रो स्थानमा उक्लेको छ । समान अंक भएपनि लालिगुराँस गोल अन्तरमा शीर्ष स्थानमा छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा भएको खेलमा सनिश श्रेष्ठले आठौं मिनेटमा गोल गर्दै मछिन्द्रलाई अग्रता दिलाएका थिए । तर पहिलो हाफको इन्जुरी टाइममा मनाङका लागि विशेष लामाले बराबरी गोल गर्दै खेल रोमाञ्चक बनाएका थिए । दोस्रो हाफमा मछिन्द्रले एक गोल गर्दै ३ अंक जोड्यो । जोनाथान जोरिलाले ५७औं मिनेटमा निर्णायक गोल गरे ।

लिगमा मंगलबार दुई खेल हुनेछ । पहिलो खेल नेपाल पुलिस क्लब र चित्लाङ एफसीबीच बिहान ११ बजे सुरु हुनेछ । यस्तै दोस्रो खेल प्लानिङ ब्वाइज युनाइटेड र त्रिभुवन आर्मी एफसीबीच दिउँसो ३ बजे सुरु हुनेछ । दुवै खेल सातदोबाटोस्थित एन्फा कम्प्लेम्स मैदानमा हुनेछ ।

### साफ महिला फुटसल

# नेपालको लगातार दोस्रो हार



**काठमाडौं (प्रस)–** नेपालले साफ महिला फुटसल च्याम्पियनसिपमा लगातार दोस्रो हार बेहोरेको छ ।

थाइल्यान्डको बैंककस्थित नन्थाबुरी स्टेडियममा सोमबार सम्पन्न खेलमा नेपाललाई बंगलादेशले ३-० ले पराजित गरेको हो । नेपालको यो लगातार दोस्रो हार हो । नेपालले पहिलो खेलमा श्रीलंकासँग २-२ को बराबरी खेलेको थियो । दोस्रो खेलमा माल्दिभ्सलाई ५-० ले हराएको नेपालले तेस्रो खेलमा भारतसँग ८-१ को फराकिलो हार बेहोरेको थियो ।

बंगलादेशको भने यो दोस्रो जित हो । पहिलो खेलमा भारतलाई ३-१ ले हराएको बंगलादेशले दोस्रो खेलमा भुटानसँग ३-३ को बराबरी खेलेको थियो ।

### नवौं लिटिल फ्लावर प्राइड लिग

# नारायण चम्किएसँगै राजपुरलाई उपाधि

■ प्रभाव संवाददाता

**धनगढी–** नारायण जोशीको अलराउन्ड प्रदर्शनसँगै राजपुर स्पोर्ट्स क्लबले नवौं लिटिल फ्लावर प्राइड लिग जितेको छ ।

सोमबार सम्पन्न फाइनलमा राजपुरले सुदूरपश्चिम बोइज होस्टलमाथि ५ विकेटको जित निकालेको हो । योसँगै राजपुरले ६० हजार रूपैयाँ हात पार्‍यो । सुदूरपश्चिमले भने ३० हजारमा चित्त बुझायो ।

सुदूरपश्चिमले दिएको ९२ रनको लक्ष्य पछ्याएको राजपुरले १२ ओभरमा ५ विकेट गुमाउँदै ९४ रन बनायो ।

राजपुरका ओपनर नारायण जोशीले सर्वाधिक ३९ रन बनाए । १८ बल खेलेका उनले ४ चौका र ३ छक्का प्रहार गरे । नरेन भट्ट १९ रनमा आउट हुँदा टेक रावल १४ रनमा अविजित रहे ।

अन्यको ब्याटिङ भने चल्न सकेन । सुदूरपश्चिमका नरेन साउदले सर्वाधिक २ विकेट लिए । ४ ओभर बलिङ गर्दै १९ रन खर्चिए । हिक्मत महरा, नगराज सिंह र सूर्य श्रेष्ठले समान १ विकेट राखे ।

त्यसअघि फाप्ला क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ थालेको सुदूरपश्चिमले १७.५ ओभरमा सबै विकेट गुमाउँदै ९१ रन बनाएको थियो ।

सुदूरपश्चिमका कृष्ण भट्टले सर्वाधिक २९ बनाए । ४० बल खेलेका उनले ३ चौका प्रहार गरे । दीपक रोकाया २७ रनमा आउट हुँदा अन्यको ब्याट चल्न सकेन ।

राजपुरका नारायण जोशीले सर्वाधिक ४ विके६ लिए । ३.५ ओभर बलिङ गरेका उनले १६ रन खर्चिए । समान वकेट लिएका नरेन भट्टले भने ४ ओभरमा २१ रन खर्चिए ।

प्रतियोगिताकै उत्कृष्ट खेलाडी पनि उनै जोशी घोषित भए । उत्कृष्ट ब्याटर पनि उनै जोशी बने । उनले ६ हजार रूपैयाँ पाए ।

उत्कृष्ट बलर नीरज ऐर र उदीयमान खेलाडी अविनाश बोहरा घोषित भए । यी दुवैले समान २ हजार पुरस्कार पाए ।



पूर्वी चीनको जियाङ्सु प्रान्तको सुझोउको चोङशान गाउँमा रहेको कार्यशालामा बुद्ध मूर्तिको काठको हात कुँद्दै एक कारीगर । *तस्बिरः एएफपी*

# ग्रिनल्याण्ड विवादमा ट्रम्पको कर धम्कीपछि युरोपको कडा चेतावनी



**बर्लिन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्याण्डमा अमेरिकी नियन्त्रणको विरोध गरेकामा आठ युरोपेली देशलाई १० प्रतिशत कर लगाउने धम्की दिएपछि युरोपले त्यसको कडा आलोचना गर्दै यसले ट्रान्सअटलान्टिक सम्बन्धलाई कमजोर पार्ने र 'खतरनाक गिरावट' तर्फ धकेल्ने चेतावनी दिएको छ ।

डेनमार्क, नर्वे, स्विडेन, फ्रान्स, जर्मनी, बेलायत, नेदरल्याण्ड्स र फिनल्याण्डले आइतबार जारी गरेको संयुक्त वक्तव्यमा ट्रम्पको कदम सार्वभौमिकता र सुरक्षासम्बन्धी हालको तनावलाई झन् गहिरो बनाउने खतरनाक संकेत भएको बताएका छन् । ह्वाइट हाउस फर्किएको करिब एक वर्षपछि युरोपेली सहयोगीहरूले ट्रम्पलाई दिएको यो अहिलेसम्मकै सबैभन्दा कडा सामूहिक प्रतिक्रिया हो ।

पछिल्ला महिनाहरूमा युक्रेन युद्ध अन्त्यको प्रयासमा अमेरिकी समर्थन सुनिश्चित गर्न युरोपेली मुलुकहरू ट्रम्पप्रति कूटनीतिकरूपमा संयमित देखिँदै आएका थिए । तर आइतबारको वक्तव्य र ग्रिनल्याण्डमा डेनमार्कको सैन्य अभ्यासका लागि केही युरोपेली देशले सेना पठाएको कदमले त्यो रणनीतिबाट युरोप एक कदम पछाडि हटेको संकेत दिएको छ ।

संयुक्त वक्तव्यमा 'आर्कटिक एण्डचोरन्स' नामक अभ्यासका लागि ग्रिनल्याण्ड पठाइएका सेना कसैका लागि पनि खतरा नभएको स्पष्ट गरिएको छ । डेनमार्कका विदेशमन्त्री लार्स लोक्के रासमुसेनले ओस्लोमा पत्रकारहरूलाई अमेरिकी पक्षसँग वार्ता सुरु भइसकेको र त्यसलाई निरन्तरता दिइने बताए । नर्वेका विदेशमन्त्री एस्पेन बार्थ आइडेले पनि नजिकका सहयोगीबीच यस्ता कर धम्की अस्वीकार्य भएको स्पष्ट पारे ।

लक्षित आठ देशमध्ये छ वटा २७ सदस्यीय युरोपेली संघ (इयू) का सदस्य हुन् । आइतबार आपत्कालीन छलफलपछि इयू काउन्सिलका अध्यक्ष एन्टोनियो कोस्टाले करले ट्रान्सअटलान्टिक सम्बन्ध कमजोर पार्ने र इयू-अमेरिका व्यापार सम्झौतासँग असंगत हुने बताएका छन् । उनले इयू कुनै पनि प्रकारको जबरजस्तीविरुद्ध आफूलाई जोगाउन तयार रहेको र यसै साता शिखर सम्मेलन बोलाइने जानकारी दिए ।

शनिबार ट्रम्पले करलाई डेनमार्कको अर्धस्वायत्त क्षेत्र ग्रिनल्याण्डबारे वार्तामा दबाबको साधनका रूपमा प्रयोग गर्न सक्ने संकेत दिएका थिए । आइतबार राति उनले सामाजिक सञ्जालमा पोस्ट गर्दै नाटोले डेनमार्कलाई ग्रिनल्याण्डमा रुसी खतराबारे वर्षौंदेखि चेतावनी दिँदै आएको दाबी गरे र अब कारबाहीको समय आएको उल्लेख गरे ।

युरोपेली नेताहरूले डेनमार्क र ग्रिनल्याण्डसँग पूर्णएकता व्यक्त गर्दै सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सिद्धान्तमा आधारित संवादका लागि तयार रहेको बताएका छन् । इयूको विदेश नीति प्रमुख काजा कल्लासले अमेरिका र युरोपबीचको विभाजनबाट चीन र रुसले फाइदा उठाउने चेतावनी दिँदै ग्रिनल्याण्डको सुरक्षा विषय नाटोभित्रै सम्बोधन गर्न सकिने बताए ।

विश्लेषकहरूका अनुसार ट्रम्पको धम्की अभूतपूर्व छ किनकि, कर प्रायः सहयोगीहरूबीचको क्षेत्रीय विषयसँग नभई व्यापारिक विवादसँग जोडिन्छ । डेनिस इन्स्टिच्युट फर इन्टरनेसनल स्टडिजका वरिष्ठ अनुसन्धानकर्ता रासमस सण्डरगार्डले यसलाई 'पर्याप्त नै पर्याप्त भयो' भन्ने युरोपेली प्रतिक्रियाको कारण भनेका छन् ।

नाटोका महासचिव मार्क रुटेले ट्रम्पसँग कुरा भएको र यस विषयमा काम जारी रहने बताउँदै यस हप्ता डाभोसमा भेट्ने अपेक्षा व्यक्त गरेका छन् । बेलायती प्रधानमन्त्री किर स्टार्मरले पनि ट्रम्पसँग कुरा गर्दै नाटो सहयोगीहरूमा शुल्क लगाउनु गलत भएको धारणा राखेका छन् ।

ट्रम्पको कदमको आलोचना अमेरिकाभित्रै पनि भएको छ । एरिजोनाका डेमोक्रेट सिनेटर मार्क केलीले यसले अमेरिकीहरूलाई अनावश्यक मूल्य चुकाउन बाध्य बनाउने बताएका छन् । पूर्वउपराष्ट्रपति माइक पेन्सले ग्रिनल्याण्डमा अमेरिकी स्वामित्वको विचारप्रति सहानुभूति जनाए पनि ट्रम्पले अपनाएको तरिका र नाटो सहयोगीहरूसँगको सम्बन्धमा पर्ने असरप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

युरोपमा ट्रम्पका केही लोकप्रियतावादी सहयोगीहरूले पनि कर धम्कीको आलोचना गरेका छन् । इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीले यसलाई 'गल्ती' भनेकी छन् भने फ्रान्सको अति-दक्षिणपन्थी नेसनल र्‍याली पार्टीका नेता जोर्डन बार्डेलाले यसलाई 'व्यावसायिक ब्ल्याकमेल' को संज्ञा दिएका छन् । बेलायतमासमेत मुख्य राजनीतिक दलहरू एकजुट हुँदै ट्रम्पको कदमको विरोध गरेका छन् ।

यस घटनाक्रमले ग्रिनल्याण्डलाई केन्द्रमा राख्दै अमेरिका-युरोप सम्बन्ध नयाँ र संवेदनशील मोडमा पुगेको स्पष्ट संकेत दिएको छ । *रासस/एपी*

# इरानको सरकारी टिभी ह्याक, निर्वासित युवराजको सन्देश प्रसारण

**दुबई–** ह्याकरहरूले इरानको सरकारी टेलिभिजनको स्याटेलाइट प्रसारण अवरुद्ध गर्दै देशका निर्वासित युवराज रेजा पहलवीलाई समर्थन गर्ने तथा सुरक्षा फौजलाई 'जनतामाथि हतियार नउठाउन' आग्रह गर्ने सन्देश प्रसारण गरेका छन् । सोमबार बिहान अनलाइनमा देखिएको यो अवरोध राष्ट्रव्यापी विरोध प्रदर्शनपछि भएको पछिल्लो ठूलो साइबर आक्रमण हो ।

कार्यकर्ताहरूका अनुसार प्रदर्शन दबाउन सुरक्षा निकायले गरेको कारबाहीमा हालसम्म कम्तीमा तीन हजार ९१९ जनाको मृत्यु भइसकेको छ । सरकारले इन्टरनेट बन्द गरे पनि देशभित्रबाट सूचना बाहिर आइरहेकाले मृतकको संख्या अझ बढ्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

यसैबीच, शान्तिपूर्ण प्रदर्शनकारीको हत्या र प्रदर्शनको बहानामा सामूहिक मृत्युदण्ड लागू गर्नु अस्वीकार्य भएको भन्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुईवटा ननाघ्नुपर्ने सीमा (लक्ष्मण रेखा) तोकेपछि अमेरिका-इरानबीचको तनाव थप चर्किएको छ । केही दिनअघि दक्षिण चीन सागरमा रहेको एक अमेरिकी विमानवाहक सिंगापुरको मलक्का जलडमरूमध्य प्रवेश गरेको छ, जसले त्यसलाई मध्यपूर्वतर्फ लैजान सक्ने मार्गमा राखेको देखिन्छ ।

आइतबार राति इरानको सरकारी प्रसारक इस्लामिक रिपब्लिक अफ इरान ब्रोडकास्टिङ (आइआरआइबी) का स्याटेलाइट च्यानलहरूमा अचानक ह्याक गरिएको फुटेज देखिएको थियो । भिडियोमा युवराज पहलवीका दुई क्लिप प्रसारण भए, जसपछि सुरक्षा फौज र प्रहरीको बर्दीमा देखिएका व्यक्तिहरू 'हतियार राखेर जनताप्रति निष्ठा जनाएको' दाबी गरियो । एक ग्राफिकमा 'यो सेना र सुरक्षा बलहरूका लागि सन्देश हो, आफ्ना हतियारहरू जनतामाथि नउठाउनुहोस्' भन्ने आह्वान गरिएको थियो ।

रिभोलुसनरी गार्डसँग नजिक मानिने फार्स समाचार एजेन्सीले आइआरआइबीको वक्तव्य उद्धृत गर्दै 'देशका केही क्षेत्रहरूमा अज्ञात स्रोतबाट क्षणिक अवरोध' भएको स्वीकार गरेको छ तर के प्रसारण भयो भन्नेबारे स्पष्ट गरिएको छैन । युवराज पहलवीको कार्यालयले अवरोध भएको स्वीकार गरे पनि ह्याकसम्बन्धी प्रश्नमा प्रतिक्रिया दिएको छैन ।

ह्याक गरिएको प्रसारणमा युवराज पहलवीले सुरक्षा फौजलाई सम्बोधन गर्दै 'तपाईंहरू इरानको राष्ट्रिय सेना हुनुहुन्छ, इस्लामिक गणतन्त्रको होइन' भन्दै सकेसम्म चाँडो जनतामा सामेल हुन आग्रह गरेका थिए । इन्टरनेट बन्दका कारण विदेशमा रहेका इरानीहरूले स्टारलिंकजस्ता माध्यम प्रयोग गरी सामाजिक सञ्जालमा फुटेज साझा गरेको देखिन्छ ।

इरानमा प्रसारण अवरुद्ध हुने यो पहिलो घटना होइन । सन् १९८६ मा सिआइएले पहलवीका समर्थकलाई सानो ट्रान्समिटर उपलब्ध गराई छोटो समयका लागि सरकारी च्यानल ह्याक गराएको वासिङ्टन पोस्टले उल्लेख गरेको थियो । सन् २०२२ मा पनि विपक्षी समूह र सर्वोच्च नेता अयातुल्ला अली खामेनीविरुद्धका सन्देशहरू प्रसारण भएका थिए ।

यसैबीच, जहाज ट्र्याकिङ डेटाले युएसएस अब्राहम लिंकन विमानवाहक र त्यससँगै रहेका अमेरिकी युद्धपोतहरू मलक्का जलडमरूमध्य हुँदै अघि बढेको देखाएको छ । यद्यपि, ती जहाजहरू मध्यपूर्व पुग्न अझै केही दिन लाग्ने अनुमान गरिएको छ ।

मानवअधिकार समूहहरूका अनुसार हालको दमन दशकौंयताकै सबैभन्दा घातक भएको छ । अमेरिका-आधारित एक मानवअधिकार समाचार एजेन्सीले मृत्यु संख्या तीन हजार ९१९ पुगेको बताएको छ, यद्यपि एपीले यसलाई स्वतन्त्ररूपमा पुष्टि गर्न सकेको छैन । इरानी अधिकारीहरूले आधिकारिक तथ्यांक नदिए पनि सर्वोच्च नेता खामेनीले शनिबार 'धेरै हजार' मानिस मारिएको दाबी गर्दै त्यसको दोष संयुक्त राज्य अमेरिकालाई दिएका थिए । *रासस/एपी*

# चीनको जनसंख्या लगातार चौथो वर्ष घट्यो

**बैंकक–** दशकौंसम्म लागू गरिएको एक बच्चा नीतिपछि थप सन्तान जन्माउन जनतालाई कसरी विश्वस्त पार्ने ? चीनले यही चुनौती सामना गरिरहेको छ । एक बच्चा नीति अन्त्य भएको करिब एक दशक बितिसक्दा पनि जन्मदर बढ्न नसकेपछि चीनको कूल जनसंख्या पुनः घटेको सरकारी तथ्यांकले देखाएको छ ।

सोमबार सार्वजनिक गरिएको तथ्यांकअनुसार विश्वको दोस्रो सबैभन्दा बढी जनसंख्या भएको चीनमा जनसंख्या लगातार चौथो वर्ष घटेको छ । सन् २०२५ मा चीनको कूल जनसंख्या एक अर्ब ४० करोड ४० लाख पुगेको छ । यो आँकडा अघिल्लो वर्षको तुलनामा करिब ३० लाखले कम हो ।

यो तथ्यांकले चीनले भोगिरहेको गहिरो जनसांख्यिकीय दबाब स्पष्ट पार्छ । सन् २०२५ मा जम्मा ७९ लाख २० हजार शिशु जन्मिएका छन्, जुन अघिल्लो वर्षको तुलनामा १६ लाख २० हजार अर्थात् करिब १७ प्रतिशतले कम हो । सन् २०२४ मा जन्मदर केही बढेजस्तो देखिए पनि त्यो दीर्घकालीन प्रवृत्ति नभएको यसले संकेत गर्छ । सन् २०२३ सम्म लगातार सात वर्ष जन्मदर घटेको थियो ।

धेरै परिवारले अत्यधिक प्रतिस्पर्धी सामाजिक संरचनामा बालबालिका हुर्काउने उच्च लागत र मानसिक दबाबलाई मुख्य अवरोधका रूपमा उल्लेख गर्दै आएका छन् । यसमा पछिल्लो समयको आर्थिक मन्दीले थप बोझ थपेको छ, जसले धेरै परिवारलाई दैनिकी चलाउनै कठिन बनाएको छ ।

एसियाका अन्य मुलुकझैँ चीन पनि तीव्ररूपमा घट्दो प्रजननदरको समस्यामा फसेको छ । सरकारले नियमित रूपमा प्रजननदर सार्वजनिक नगरे पनि सन् २०२० मा यो १.३ रहेको थियो । विज्ञहरूको अनुमानमा हाल यो करिब एकको आसपास झरेको छ, जुन जनसंख्या स्थिर राख्न आवश्यक २.१ को स्तरभन्दा निकै तल हो ।

दशकौंसम्म एकभन्दा बढी सन्तान जन्माउन प्रतिबन्ध लगाएको चीनले सन् २०१५ मा नीति संशोधन गर्दै दुई बच्चाको अनुमति दिएको थियो । जनसांख्यिकीय दबाब अझ गहिरिँदै गएपछि सन् २०२१ मा यसलाई तीन बच्चासम्म विस्तार गरियो । तर यी नीतिगत परिवर्तनहरूले अपेक्षित परिणाम दिन सकेका छैनन् ।

सरकारले थप सन्तान जन्माउन प्रोत्साहनस्वरूप विभिन्न उपायहरू अघि सारेको छ । गत जुलाईमा सरकारले प्रति बच्चा तीन हजार ६०० युआन (करिब ५०० अमेरिकी डलर) नगद अनुदान दिने घोषणा गरेको थियो । यससँगै, व्यवहार परिवर्तन गर्न प्रोत्साहन र निरुत्साह दुवै उपाय अपनाइएका छन् । सन् २०२५ देखि गर्भनिरोधक साधन, कण्डमसहित, मूल्यवर्धित कर छुट सूचीबाट हटाइएका छन्, जसका कारण जनवरी १ देखि कण्डममा १३ प्रतिशत कर लाग्न थालेको छ ।

बालपालनलाई सहज बनाउन किण्डरगार्डेन र डे-केयर केन्द्रहरूलाई कर छुटको सूचीमा समावेश गरिएको छ, साथै युवायुवतीलाई परिवार स्थापना गर्न प्रेरित गर्ने उद्देश्यले म्याचमेकिङ सेवाहरूलाई पनि प्रोत्साहन दिइएको छ ।

चीन सन् २०२३ सम्म विश्वकै सबैभन्दा बढी जनसंख्या भएको राष्ट्र थियो । तर त्यस वर्ष क्षेत्रीय छिमेकी तथा कहिलेकाहीँ प्रतिस्पर्धी मानिने भारतले चीनलाई उछिनेर पहिलो स्थान ओगटेको थियो । अहिले चीनका लागि जनसंख्या घट्दो क्रममा जानु दीर्घकालीन आर्थिक, सामाजिक र श्रमबजारसम्बन्धी चुनौतीका रूपमा उभिएको छ । *रासस/एपी*


**कोशी प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**पूर्वाधार विकास निर्देशनालय**

**पूर्वाधार विकास कार्यालय, पाँचथर**

**फिदिम, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/१०/०६**

यस कार्यालयद्वारा मिति २०८२/०५/११ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको निर्माण कार्यको लागि विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (पी.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | IDOPAN/337001414/ NCB/ROAD/02-082/83 | Upgrading of Phidim Shivalaya Nanglapa Phejung Chhintapu Road (Ch. 7+080 to 17+080 Km), Phidim Municipality, Panchthar | M/S Bhagwati/Rajlawat /Nechali JV, Phugling-9, Taplejung, Nepal | 5,40,72,879.53 |
| 2 | IDOPAN/337001414/ NCB/BUILDING/03-082/83 | Construction of Province Treasury Unit Office Building, Phidim Municipality-02, Panchthar | M/S Adhikari Nirman Sewa, Phidim-2, Panchthar | 2,05,48,927.79 |

**कार्यालय प्रमुख**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८२००० | प्रति तोला – ० | प्रति तोला – ५८१० |



**केरा खेती** | बाराको निजगढ नगरपालिका-१ स्थित खेतमा लगाइएको केराखेती । यहाँ नगदेबालीको रूपमा केराखेती गर्ने गरिन्छ ।

*तस्बिर: हिमाल लम्साल/रासस*

## गण्डकीका २६ सहकारीको दर्ता खारेजी

**वालिङ** – सहकारी रजिष्ट्रार कार्यालय पोखराले निष्क्रिय रहेका २६ सहकारीको दर्ता खारेज गरेको छ । कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ मा १३ र चालु आर्थिक वर्षको गत पुससम्म १३ गरी कूल २६ सहकारी संस्थाको दर्ता खारेज गरेको हो ।

दर्ता भएर सञ्चालनमा नरहेका अथवा दुई वर्षभन्दा बढी निष्क्रिय रहेका, लेखा परीक्षण नगरेका, साधारणसभा नगरेका, आर्थिक कारोबार नभएका र अब सञ्चालन हुन सक्ने स्थिति नभएका सहकारीको दर्ता खारेजी गरिएको सहकारी रजिष्ट्रार कार्यालय पोखराका रजिष्ट्रार भेषराज रिजालले बताए । कार्यालयले स्याङ्जा, गोरखा, तनहुँ, कास्की, म्याग्दी, लमजुङ, बागलुङ र पर्वतका निष्क्रिय सहकारीको दर्ता खारेज गरेको हो । दर्ता खारेज हुनेमा सबैभन्दा धेरै सहकारी स्याङ्जा जिल्लाका रहेका छन् । स्याङ्जामा आठ सहकारीको दर्ता खारेज भएको छ ।

स्याङ्जाका आठ वटै सहकारी चालु आर्थिक वर्षमा दर्ता खारेज भएका उनले जानकारी दिए । सहकारी रजिष्ट्रार रिजालका अनुसार गोरखामा ६, तनहुँमा ४, कास्कीमा ३, म्याग्दीमा २, लमजुङ, बागलुङ र पर्वतमा समान एक/एकवटा सहकारीको दर्ता खारेज भएको हो ।दर्ता खारेज हुने सहकारीमा बहुउद्देश्यीय, बचत तथा ऋण, कृषि, उपभोक्ता, सूचना तथा सञ्चार, विद्युत्, मौरीपालन, अदुवा उत्पादनका क्षेत्रमा काम गर्ने उद्देश्यसहित स्थापना गरिएका सहकारी छन् । 'सहकारीको दर्ता खारेजका लागि सात वटाको प्रक्रिया पूरा भएको छ' उनले भने, 'बाँकी १० सहकारी दर्ता खारेजीको थप प्रक्रियामा रहेका छन्, दर्ता खारेज हुने क्रम अझै बढ्छ ।' सहकारी रजिष्ट्रार कार्यालय पोखरामा हाल ८९० वटा सहकारी रहेका छन् ।

यसमध्ये ५८८ सहकारी अद्यावधिक भएर सञ्चालनमा छन् । ३०२ सहकारी निष्क्रिय छन् । सहकारीसँग जोडिएका विभिन्न विषयगत संघ तथा सहकारी संस्था निष्क्रिय रहेका हुन् । *रासस*

## छ महिनामा सात अर्बभन्दा बढीको अलैंची निर्यात

**■ प्रभाव संवाददाता**

**झापा–** पूर्वीनाका काँकडभिट्टाबाट चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक अवधिमा अलैंची, छुर्पीलगायतका वस्तुको निर्यात उत्साहजनक रूपमा वृद्धि भएको छ । साउनदेखि पुस मसान्तसम्मको छ महिनामा रु सात अर्ब १९ करोड ९५ लाख चार हजार मूल्य बराबरको ३४ लाख ६१ हजार ३५० केजी अलैंची निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ ।

गत आव २०८१/८२ को सोही अवधिको तुलनामा चालू आवमा अलैंचीको निर्यात ५८ प्रतिशतले वृद्धि भएको कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाइँले बताए ।

गत आवको साउनदेखि पुससम्ममा रु चार अर्ब ५५ करोड ७० लाख ६९ हजार मूल्य बराबरको अलैंची पूर्वीनाकाबाट निर्यात भएको थियो । कुकुर र बिरालोको खानाको रूपमा तेस्रो मुलुक निर्यात हुँदै आएको छुर्पीको निर्यात चालु आवको अर्धवार्षिक अवधिमा गत आवको सोही



अवधिको तुलनामा ६६ दशमलव २ प्रतिशतले वृद्धि भएको छ ।

चालु आवको छ महिनामा रु ७६ करोड पाँच लाख तीन हजार मूल्य बराबरको चार लाख ३२ हजार ४०५ केजी छुर्पी निर्यात भएको छ । गत आवको सोही अवधिमा रु ४५ करोड ७६ लाख ३४ हजार मूल्य बराबरको दुई लाख ६६ हजार २४३ केजी छुर्पी निर्यात भएको भन्सारले जनाएको छ ।

भेनियर सिट र मुसुरो दालको निर्यातसमेत उच्च रहेको छ । चिया र प्लाइउडको निर्यात प्रगति भने गत आवको तुलनामा ऋणात्मक रहेको छ । चालु आव २०८२/८३ को छ महिनामा रु. ५३ करोड चार लाख ९६ हजारको भेनियर सिट र रु नौ करोड १२ लाख ८७ हजार मूल्यको मुसुरो दाल निर्यात भएको छ ।


गत आवको तुलनामा मुसुरो दाल ४८१ प्रतिशतले र भेनियर सिट १०९ प्रतिशतले निर्यातमा वृद्धि भएको छ ।अर्धवार्षिक अवधिमा चियाको निर्यातमा २६ दशमलव ४ प्रतिशतले र प्लाइउडको निर्यातमा ४४ दशमलव ५ प्रतिशतले गिरावट आएको मेची भन्सारले जनाएको छ ।

चालु आवको छ महिनामा रु दुई अर्ब १७ करोड ८७ लाख पाँच हजार मूल्य बराबरको चिया र रु एक अर्ब नौ करोड ७४ लाख तीन हजार मूल्य बराबरको प्लाइउड निर्यात भएको छ । गत आवको सोही अवधिमा रु दुई अर्ब ९५ करोड ९० लाख ३७ हजार मूल्य बराबरको चिया र रु एक अर्ब ९७ करोड ७६ लाख ४६ हजार मूल्य बराबरको प्लाइउड निर्यात भएको थियो ।

यसैगरी, चालु आव २०८२/८३ को पुससम्मको अर्धवार्षिक अवधिमा रु ३३ करोड ८९ लाख तीन हजार मूल्य बराबरको अम्लिसो, रु ५० करोड १७ लाख ३२ हजार मूल्य बराबरको अदुवा र सुठो, रु ११ करोड ३१ लाख ९१ हजार मूल्य बराबरको काउली, बन्दाकोभी र ब्रोकाउली र रु पाँच करोड ७४ लाख २७ हजार मूल्य बराबरको जडीबुटी निर्यात भएको भन्सारका सूचना अधिकारी हुमागाइँले जानकारी दिए ।

**कर्पोरेट**

## बिवाइडीको डिजिटल पेज र वेबसाइटविरूद्ध सार्वजनिक सूचना



**काठमाडौं (प्रस)–** बिवाइडीको नेपालका लागि आधिकारिक बिक्रेता साइमेक्स इंक प्राइभेट लिमिटेडले बिवाइडी ब्रान्ड नाम दुरूपयोग गरी सञ्चालन भइरहेका नक्कली तथा अनधिकृत डिजिटल पेज र वेबसाइटहरू विरुद्ध सार्वजनिक सूचना जारी गर्दै आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जानकारी गराएको छ ।

कम्पनीका अनुसार यस्ता नक्कली प्लेटफर्महरूले आफूलाई बिवाइडी नेपालको आधिकारिक माध्यम भन्दै ग्राहक तथा उपभोक्तालाई भ्रममा पार्ने प्रयास गरिरहेका छन् । साइमेक्स इंकले बिवाइडीप्रमोसनडटकम नामक वेबसाइट, 'बिवाइडी डिलर फ्यान्स' नामको फेसबुक पेज, 'बिवाइडी प्रमोसन' नामक टेलिग्राम समूह तथा यस्तै नाम भएका अन्य कुनै पनि डिजिटल प्लेटफर्महरू बिवाइडी नेपालका आधिकारिक सञ्चार माध्यम नभएको स्पष्ट गरेको छ । उक्त प्लेटफर्महरूसँग साइमेक्स इंक प्राइभेट लिमिटेडको कुनै पनि प्रकारको सम्बन्ध, सहकार्य, आबद्धता वा आधिकारिक स्वीकृति नरहेको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार यी अनधिकृत डिजिटल प्लेटफर्महरूले गलत सूचना प्रवाह गर्दै विभिन्न अफर, योजना तथा प्रचारमार्फत ग्राहकलाई भ्रममा पार्ने र आर्थिक ठगी गर्ने उद्देश्य राखेको आशंका गरिएको छ । यसले ग्राहकको विश्वास, ब्रान्डको विश्वसनीयता तथा उपभोक्ता सुरक्षामा गम्भीर असर पार्न सक्ने भन्दै साइमेक्स इंकले चासो व्यक्त गरेको छ ।

सर्वसाधारण, ग्राहक तथा सरोकारवालाहरूलाई यस्ता नक्कली तथा अनधिकृत डिजिटल प्लेटफर्महरूसँग कुनै पनि प्रकारको सम्पर्क, प्रचार-प्रसार वा आर्थिक कारोबार नगर्न कम्पनीले आग्रह गरेको छ । नेपालमा बिवाइडी सवारीसाधन, अफर, बिक्रीपछिको सेवा तथा विभिन्न अभियानसम्बन्धी आधिकारिक जानकारीका लागि साइमेक्स इंकका प्रमाणित डिजिटल प्लेटफर्महरू तथा आधिकारिक डिलरहरूमार्फत मात्र जानकारी लिन अनुरोध गरिएको छ । बिवाइडी ब्रान्ड नामको दुरूपयोग रोक्न तथा ग्राहक एवं उपभोक्ताको हित संरक्षण गर्न अनधिकृत डिजिटल प्लेटफर्महरू विरुद्ध आवश्यक कानुनी तथा नियामक प्रक्रिया अघि बढाइएको पनि कम्पनीले जानकारी दिएको छ । आगामी दिनमा यस्ता गतिविधि नियन्त्रण गर्न सम्बन्धित निकायसँग सहकार्य गर्दै थप कदम चालिने साइमेक्स इंकले जनाएको छ ।

## रेड्मी नोट १५ सिरिज नेपालमा सार्वजनिक

**काठमाडौं (प्रस)–** विश्वव्यापी प्रविधि कम्पनी शाओमीले नेपालमा आफ्नो रेड्मी नोट १५ सिरिज सार्वजनिक गरेको छ । यस सिरिजमा चारवटा मोडेलहरू- रेड्मी नोट १५ प्रो+ ५जी, रेड्मी नोट १५ प्रो ५जी, रेड्मी नोट १५ ५जी र रेड्मी नोट १५ ४जी समावेश गरिएको छ, जसले विभिन्न प्रकारका प्रयोगकर्ताहरूलाई फरक-फरक सुविधाहरू प्रदान गर्नेछन् ।

यो सिरिजको सबैभन्दा उन्नत मोडेल रेड्मी नोट १५ प्रो+ ५जीमा ६,५०० एमएएच सिलीकोन-कार्बोन (एसआईसी) ब्याट्री रहेको छ जसमा १०% एसआईसी सामग्री छ । यसमा १००वाट हाइपरचार्ज रहेको छ जसले करिब ४० मिनेटमै पूर्णचार्ज गर्छ । साथै २२.५वाट रिभर्स चार्जिङ सुविधा पनि उपलब्ध छ । रेड्मी नोट सिरिजमा पहिलोपटक एसआईसी ब्याट्री प्रविधि प्रयोग गरिएको छ, जसले सानो आकारमा बढी ऊर्जा क्षमता दिन्छ । सबै प्रो मोडेलहरूमा यो एसआईसी ब्याट्रीले शाओमी सर्ज ब्याट्री म्यानेजमेन्ट सिस्टमसँग मिलेर १,६०० चार्ज साइकलपछि पनि ८०% वा बढी क्षमता कायम राख्छ, जुन लगभग ६ वर्षको सामान्य प्रयोगको बराबर हो ।

यस डिभाइसले आईपी६६/आईपी६८/आईपी६९/आईपी६९के प्रमाणीकरण हासिल गरेको छ र एसजीएस-प्रमाणित २.५ मिटर ड्रप प्रतिरोधक क्षमता छ । कोर्निंग गोरिल्ला ग्लास विक्टस २ र फाइबरग्लास-कम्पोजिट निर्माणले यसलाई थप बलियो बनाएको छ । स्न्यापड्रागन ७ एस जेन ४ मा चल्ने यस डिभाइसमा शाओमी हाइपर एआई (एआई राइटिङ, स्पीच रिकग्निसन, र इन्टरप्रिटर सहित), शाओमी सर्ज टी१एस ट्युनर र किलोमिटर दूरीसम्म काम गर्ने अफलाइन कम्युनिकेसन सुविधा रहेको छ ।




रेड्मी नोट प्रो+ ५जीमा २००एमपी प्राइमरी क्यामेरा छ जसमा २एक्स र ४एक्स अप्टिकल-लेभल इन-सेन्सर जूम र ओआईएस फिचर छ । यसमा विश्वभर पहिलो पटक २००एमपी एचपीई इमेज सेन्सर प्रयोग गरिएको छ । एउटै लेन्स, ५ फोकल लेन्थ डीएजी एचडीआर र उन्नत एआई प्रशोधनले विभिन्न प्रकाशमा पनि विस्तृत र वास्तविक तस्बिरहरू दिन्छ ।

## धान उत्पादन घट्ने

**काठमाडौं (प्रस)–** कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यसवर्ष धान उत्पादनमा गत वर्षको तुलनामा दुई लाख ५० हजार ३५० मेट्रिकटन कमी हुने जनाएको छ ।

मन्त्रालयले देशभर धान बालीको क्षेत्रफल र उत्पादकत्वमा कमी आएका कारण यसवर्ष ५७ लाख पाँच हजार १२६ मेट्रिकटन धान उत्पादन हुने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । गत वर्ष ५९ लाख ५५ हजार ४७६ मेट्रिकटन उत्पादन भएको थियो । गत वर्षको तुलनामा धान उत्पादनमा ४.२० प्रतिशतले कमी आएको हो ।

आर्थिक वर्ष २०८१/८२ मा धान बाली भित्र्याइएको कूल क्षेत्रफल १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफल रहेकोमा चालु आवमा ३.८ प्रतिशतले घटेर १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफल कायम छ । मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार उत्पादकत्व गत आवमा ४.१९ मेट्रिकटनप्रति हेक्टर रहेको थियो ।

युवा पलायन, बसाइसराइ फलफूल तथा नगदेवालीको क्षेत्रफलमा भएको वृद्धि, तराई एवं सहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनको औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोग जस्ता कारणले धानखेतीको क्षेत्रफलमा केही कमी आएको छ ।

मधेस प्रदेशमा विशेष गरी धान लगाउने समयमा परेको खडेरीका कारण धान लगाएको क्षेत्रफलमा कमी आई धानको क्षेत्रफल घटेको हुँदा समग्रमा धान बालीको क्षेत्रफलमा कमी आएको हो । चालु आर्थिक वर्षमा उन्नत बीउविजन र मलखादको पर्यास उपलब्धता हुँदाहुँदै प्रतिकूल मौसमका कारण उत्पादकत्वमा केही कमी आएको सूचना अधिकारी जोशीले जानकारी दिए ।

## बागमतीमा १७ अर्ब ४३ करोड राजस्व

**■ प्रभाव संवाददाता**

**बागमती–** चालु आर्थिक वर्ष २०८२/८३ को ६ महिनामा बागमती प्रदेश सरकारले वार्षिक लक्ष्यको २५ दशमलव ८४ प्रतिशत अर्थात् रु १७ अर्ब ४३ करोड ५८ लाख ७७ हजार राजस्व संकलन गरेको छ ।

घरजग्गा रजिष्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिन्छ । दुबै शीर्षकसहित बाँडफाँड आर्थिक वर्ष २०८२/८३ मा रु ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार राजस्व संकलन हुने अनुमान गरिएकामा साउन महिनादेखि पुस महिनासम्ममा लक्ष्यको ३१ दशमलव ४८ प्रतिशत अर्थात् रु नौ अर्ब ७२ करोड ५० लाख २८ हजार राजस्व संकलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत केशव भण्डारीले जानकारी दिए ।

उनका अनुसार चालु आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेसन शीर्षकबाट रु सात अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकमा छ महिनाको अवधिमा रु दुई अर्ब एक करोड ६६ लाख ९० हजार राजस्व संकलन भएको छ ।

यस्तै प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/८३ मा रु आठ अर्ब २५ करोड अनुमान गरिएकामा पुस महिनासम्ममा रु दुई अर्ब ६३ करोड ८३ लाख ७५ हजार राजस्व संकलन गरेको छ ।

यस्तै प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत रु आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकामा सो अवधिसम्ममा रु तीन अर्ब ६९ करोड ५४ लाख ९० हजार संकलन भएको छभने अन्तःशुल्क करबापत रु चार अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकामा रु एक अर्ब २८ करोड १० लाख ८२ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत रु १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा छ महिनाको अवधिमा त्यसको ३८ दशमलव ७८ प्रतिशत अर्थात् रु पाँच अर्ब ७४ करोड ७५ लाख ३० हजार प्राप्त भएको अधिकृत भण्डारीले बताए ।

यस्तै चालु आव २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट रु चार अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकामा छ महिनाको अवधिमा लक्ष्यको ३९ दशमलव १९ प्रतिशत अर्थात् रु एक अर्ब ८७ करोड २२ लाख ४५ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ